का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ चैत २०७८,
मंगलबार
15 March 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २०, अंक ३८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

### टऱ्यो जसपा विवाद

# एकल नेतृत्व तर सामूहिक निर्णय

एकल नेतृत्व र सामुहिक निर्णयामा जाने सहमतिसँगै जनता समाजवादी पार्टी (जसपा) फुट टरेको छ । पार्टी एकता जोगाउन डा.बाबुराम भट्टराई पक्षले उठाउँदै आएको सामूहिक निर्णयको माग सम्बोधन भएको छ भने पार्टी एकल नेतृत्वमा जानुपर्ने उपेन्द्र यादव पक्षको अडानको पनि सम्बोधन भएको छ ।




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० फागुन ।

जनता समाजवादी पार्टी (जसपा) भित्रको विवाद तत्कालाई टरेको छ । विभाजन टार्न मिलनबिन्दु भेटिएको छ- एकल नेतृत्व, तर सामूहिक निर्णयबाट पार्टी चलाइने । जसपामा उपेन्द्र यादव र डा.बाबुराम पक्षधरबीच विवाद चर्किएको थियो । विवाद पार्टी फुटसम्म पुग्ने आंकलन भइरहेका बेला जसपाभित्र एकल नेतृत्व, तर सामूहिक निर्णयमा जानेगरी सहमति जुटेको हो ।

जसपाले सामूहिक निर्णयका लागि तीन सदस्य मुख्यालय गठन गरेको छ । मुख्यालयमा अध्यक्ष उपेन्द्र यादव, संघीय परिषद् अध्यक्ष डा.भट्टराई र वरिष्ठ नेता अशोक राई छन् । सहमति अनुसार, पार्टीको निर्णय तीन जनाको सहमतिमा मात्र हुनेछ । पार्टीको कुनै आकस्मिक वा आवश्यक निर्णय गर्नुपरे पनि तीन सदस्यीय मुख्यालयले नै गर्नेछ । अन्यथा पार्टीको निर्णय हुने छैन् । अर्थात्, कुनै पनि निर्णयमा तीन जनाको हस्ताक्षर अनिवार्य हुनेछ । यो सहमति भएसँगै जसपा पार्टी विभाजनबाट समेत जोगिएको छ ।

तर, पार्टी भने एकल नेतृत्वमै रहनेछ । अर्थात्, यादव पार्टीको मूल नेतृत्व हुनेछन् । तर, उनी एक्लै निर्णय गर्न नसक्ने हैसियतको नेतृत्व रहनेछन् । यसमा डा.भट्टराई पक्ष पनि सहमत भएको छ ।

सोमबार केन्द्रीय समितिको समापन बैठक सम्बोधन गर्दै अध्यक्ष यादवले पार्टीको समायोजन र विधान अधिवेशनपछि महाधिवेशन गराउनेतिर लाग्ने जानकारी गराए । उनका अनुसार, जसपाले आगामी असार १ र २ गते विधान अधिवेशन गर्नेछ । आगामी असोज मसान्तभित्र एकता महाधिवेशन गर्नेछ ।

आगामी बैशाख ३० गते स्थनीय तहको चुनाव छ । त्यसपछि मुलुक प्रतिनिधि र प्रदेशसभाको चुनावमा केन्द्रीत हुनेछ । संविधान अनुसार, अर्को बर्षको मंसिर वरिपरी प्रदेश र संघीय चुनाव गनुपर्छ । त्यसअगावै पार्टीको एकता महाधिवेशन सम्पन्न गरिने अध्यक्ष यादवले बताएका हुन् ।

# दुई दलीय बहस प्रचण्डमा भय

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३० फागुन ।

राजनीतिक दलका क्रियाकलापले नागरिकहरु असन्तुष्ट बनेपछि पछिल्लो समय २ दलीय व्यवस्था लागू हुनुपर्ने चर्चा सुनिन थालेको छ । बहुदलीय प्रतिस्पर्धाले देशको राजनीतिका अवस्था बिग्रिएको भन्दै दुई दल बनाउनुपर्ने चर्चा चलेको हो । तर, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड भने यस्तो प्रस्तावबाट झस्किएका छन् ।



राजनीतिक स्थीरताका निम्ति दुई दलीय प्रणालीको प्रस्तावप्रति नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सशंकित देखिन्छन् । माओवादी केन्द्र सिध्याउन विदेशी शक्तिबाट यस्तो प्रस्ताव आएको प्रचण्डको बुझाइ छ ।

प्रचण्डले सार्वजनिक रुपमै दुई दलीय व्यवस्था लागू गराउन विदेशी शक्ति लागि परेको बताएका छन् । आइतबार पार्टीको एक कार्यक्रममा प्रचण्डले माओवादी सिध्याउन दुई दलीय व्यवस्थाको विकल्प अगाडि बढाइएको बताएका छन् ।

'आउँदो संघ, प्रदेश वा स्थानीय निर्वाचनमा हामी क्रान्तिकारीहरुलाई सिध्याउन र दुई दलीय सिष्टम स्थापित गर्न 'इन्टरनेशनल रियाक्सन'लागेको छ', उनले भने, 'चुनावको 'ब्याटल' जितिएन भने हाम्रो पार्टी र उम्मेदवारले मात्र हार्ने होइन । नेपाल राष्ट्रले हार्छ, जनक्रान्तिका उपलब्धी हार्छ, समावेशी, समानुपातिक लोकतन्त्र हार्छ ।' माओवादी सिध्याएर दुई दलीय व्यवस्था ल्याउन विदेशी शक्ति लागेको दावी गर्दै जसरी पनि चुनाव जित्ने तयारीमा लाग्न कार्यकर्तालाई निर्देशन दिएका छन् ।

नेपालमा राजनीतिक दलको संख्या बढी भए पनि दुइ दल मात्रै हुने विषय भने असम्भव रहेको नेपाली कांग्रेसका नेता देवेन्द्रराज कडेँल बताउँछन् । 'दलको संख्या सीमित गर्ने एउटा विषय भयो, तर त्यो भन्दा पनि महत्वपूर्ण विषय भनेको थ्रेस होल्ड बढाएर ५ प्रतिशत बनाउने हो । जसले गर्दा सबै दललाई राष्ट्रिय पार्टीको मान्यता हुन्न र दलको संख्या पनि सिमित हुन्छ,' उनले भने । विदेशी शक्तिको चलखेलले नेपालको व्यवस्था परिवर्तन हुन लागेको हल्ला चलेपनि सो सम्भावना नदेखिएको उनको भनाइ छ ।

तर, नेकपा एमालेका नेता शंकर पोखेलले भने देश दुई दलीय व्यवस्थामा जानुपर्नेमा जोड दिएका छन् । 'अब नेपालमा धेरै दलको आवश्यकता छैन, तसर्थ राजनीतिक प्रणालीलाई दुई दलीय व्यवस्थामा लाने बहस चलाऔं' उनले भने । दुई दल मात्रै हुँदा राजनीतिक प्रणाली व्यवस्थित

– बाँकी पृष्ठ २ मा

# भ्रम चिर्न आन्तरिक सर्कुलर !



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० फागुन ।

अमेरिकी सहयोग सम्बन्धी परियोजना एमसीसीबारे भ्रम चिर्न सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेसले पार्टीभित्र आन्तरिक सर्कुलर गरेको छ । सोमबार पार्टीको केन्द्रीय कार्यालयले एमसीसीबारे भ्रम चिर्न सबै वडामा सर्कुलर पठाएको हो ।

सर्कुलरमा एमसीसी विशुद्ध विकास परियोजना भएको र यो नेपालको विकासको हीतमा रहेको उल्लेख छ । एमसीसी कार्यान्वयनमा जाँदा अमेरिकी कानुन लागू नहुने, अमेरिकी सेना नआउने बरु नेपालीहरुले नै रोजगारी पाउने भन्दै कांग्रेसले यही कुरा जनतालाई बुझाउन भनेको छ ।

नेपाल विकास उन्मुख देश भएकाले आर्थिक विकासमा लम्कन विदेशी साहायता आवश्यक पर्ने भएकाले विदेशी सहयोगलाई स्वागत गर्ने कांग्रेसको नीति रहने र कांग्रेसले जिते आउँदो ५ बर्षमा मुलुकले आर्थिक रुपमा फड्को मार्ने दाबी पनि सर्कुलरमा गरिएको छ ।

कांग्रेस सर्कुलर अनुसार, जनतालाई एमीसीबारे भ्रम चिर्न आग्रह गरेको छ । एमसीसीबारे भ्रम चिर्ने र चुनावी अभियान कांग्रेसको संगसंगै भएको छ । कम्युनिस्ट पार्टीहरुले एमसीसी गलत भएको र आफुले जिते एमसीसीलाई नेपालको हीतमा प्रयोग गर्न पहल गर्ने बताइरहेका बेला कांग्रेसले एमसीसीबारे भ्रम चिर्न अभियान नै सञ्चालन गरेको हो ।

### माधव नेपालको बुझाइ

# गठबन्धन जोगिए संगठन

एमालेजस्तो बलियो संगठन रहेको पार्टीलाई किनारामा पार्दै आफ्नो दल बलियो बनाउन अध्यक्ष नेपालले गठबन्धन र आगामी चुनावलाई अवसरका रुपमा लिएको देखिन्छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३० फागुन ।

नेकपा एमालेको अडान र प्रधानमन्त्री शेरबहादुर देउवाको बाध्यताले मुलुकको राष्ट्रिय राजनीति सकसपूर्ण अवस्थाबाट गुज्रिएको छ । एमालेले सभामुख अग्निप्रसाद सापकोटाको राजीनामा र पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल सहित १४ सांसदलाई

– बाँकी पृष्ठ २ मा



### सुरक्षित र मर्यादित व्यवसायका लागि साझा प्रयासमा जोड

# निर्वाचनको मिति तोक्न आलटाल नगर्न चेतावनी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० फागुन ।

वैदेशिक रोजगार व्यवसायीहरूले सुरक्षित र मर्यादित व्यवसाय सञ्चालनका लागि साझा प्रयास गर्नुपर्नेमा जोड दिएका छन् । नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको पाँचौं अधिवेशन तथा साधारणसभा उद्घाटन समारोहमा व्यवसायीहरूले वैदेशिक रोजगार मर्यादित बनाउन साझा प्रयासको खाँचो रहेको बताएका छन् ।




रेमिट्यान्सले मुलुकको व्यापार घाटा सन्तुलनमा ठूलो योगदान दिएकाले वैदेशिक रोजगारलाई व्यवस्थित गर्नुको विकल्प नरहेको उनीहरुले बताएका छन । प्रतिनिधिसभा सदस्य लालप्रसाद साँवा लिम्बूले वैदेशिक रोजगार व्यवसायीले नागरिकको क्रय क्षमता बढाएको बताए । बेरोजगार युवालाई रोजगारको सहजीकरण गर्ने व्यवसायीको सम्मान आवश्यक रहेको बताए ।

'वैदेशिक रोजगारले नेपाली समाजमा आमूल परिवर्तन भएको छ ।

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# सहमति नजुट्दा मञ्चको निर्वाचन स्थगित

**काठमाडौं/मस-** नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल कार्यसमितिको निर्वाचन मंगलबार एक बजेसम्मका लागि स्थगन भएको छ । साधारणसभा तथा पाँचौं अधिवेशनको बन्द सत्रले प्रतिवेदनहरू पारित गरेपनि नेतृत्वमा सहमति जुट्न नसक्दा निर्वाचन मिति सरेको हो ।

मञ्चको अधिवेशनले ३५ सदस्यीय कार्यसमिति चयनका लागि निर्वाचन गने छ । दुई वर्षे कार्यकालको अध्यक्षका लागि कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारी, पूर्व अध्यक्षहरू रोहन गुरूङ, हरिबहादुर पाण्डे क्षेत्री र भीष्मराज शर्मा शिवाकोटीले उम्मेदवारी दिएका छन् । सोमबार अवेरसम्म सहमतिको प्रयास भएपनि सहमति नभए पछि निर्वाचन कार्यक्रम मंगलबार एक बजेसम्म सारिएको बताइएको छ । पाँच उपाध्यक्षमा जनक रावल, तेजमाया लिम्बू, रामकुमार राई, देउमान नेम्वाङ, सरिता घले, सञ्जु गुरूङ, डिकबहादुर खत्री र सोम बहादुरतामाङ गरि ८ जनाको उम्मेदवारी

– बाँकी पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
A well established foreign employment Agency is looking for the following staffs.
Public Relation Officers (PRO) - 4 NOS. +2 Passed
Representative Officer of Labour Depart - 1 NOS +2 Passed
Skill Required
• Candidates should have knowledge of good English, basic computer also smart & 2 Years experienced in related filed.
• Offered Salary – Negotiable .
• Minimum Age should have - 24 to 35
To apply please submit your CV on orchidhrinfo.np@gmail.com
Lic No: 889/067/68
Orchid Overseas (P.) Ltd.
Bhimnidhi Tiwari Marga Gaushala-9
Kathmandu, Nepal. Phone No : 01-5913725
Regd.No : 59764/065/066

तु- आवश्यकता

यस प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।
तलब आपसी सहमतीमा
Receptionist -2 Female
Accountant -1 Male
रिसेप्सनिष्टको हकमा २ वर्षको अनुभवको साथै +2 passed गरेको हुनुपर्नेछ भने लेखापालको हकमा ७ वर्षको कार्यानुभव र bachelor passed भएको हुनुपर्ने छ । साथै अंग्रेजीमा राम्रोसँग लेख्न र बोल्न सक्ने हुनुपर्नेछ ।
CONTACT NO.: 9841669779, 9802311384
Interested candidates please submit latest CV along with cover latter at sthaashish503@gmail.com

कर्मचारी आवश्यकता
एक प्रतिष्ठित मेनपावर कम्पनीको लागि तल उल्लेखित पदहरुको आवश्यकता भएकोले इच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटा सहित योग्यता र अनुभवको प्रमाणपत्रहरु तलको इमेलमा इमेल गर्नुहोला सम्पर्कको लागि बायोडाटामा फोन नं. अनिवार्य लेख्नुहोला । मेनपावर क्षेत्रमा कामगरेकोहरुलाई विशेष ग्राहयता दिईने छ ।
1. Receptionist - 2 F
2. Documentation - 2 F
अनुभव: कम्प्युटर सम्बन्धि Word, Excel, Photoshop को ज्ञान भएको हुनुपर्नेछ ।
तलब सुविधा आपसी समझदारीमा हुने
Email: officepleasure99@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१ चैत २०७८, मंगलबार
15 March 2022, Tuesday

# सूर्यविनायकमा बर्डफ्लु: काभ्रेमा नमूना संकलन र निगरानी

**काभ्रेपलाञ्चोक/मस-** भक्तपुरको सूर्यविनायक नगरपालिका-१० को तीन स्थानमा शनिबार बर्डफ्लु भेटिएपछि काभ्रेपलाञ्चोकमा थप नमूना संकलन र निगरानीलाई निरन्तरता दिइएको छ ।

महिनाअघि संघीय राजधानी काठमाडौंमा बर्डफ्लु भेटिएलगत्तै पूर्वीनाकाका रुपमा रहेको यो जिल्लामा उच्च सतर्कता अपनाउन विभिन्न गतिविधि गर्दै आइएको छ ।



जिल्लास्तरीय प्राविधिक समितिको बैठकले सबै स्थानीय तहलाई पशुपक्षीपालक कृषक तथा व्यवसायीलाई सजगता अपनाउन यससम्बन्धी विविध गतिविधि गर्न आग्रह गरेको छ । 'सबै स्थानीय तहमा निगरानीका कामलाई गम्भीरतापूर्वक लाग्न आग्रह गरिएको छ,' प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले भने । उनका अनुसार काठमाडौं र छिमेकी जिल्ला भक्तपुरमा बर्डफ्लु भेटिएपछि उपत्यकाको पूर्वी सीमानाका साँगामा रात्रिकालीन अवस्थामा परीक्षण व्यवस्थापनका लागि थप जनशक्ति व्यवस्थित गरी उच्च सतर्कता अपनाइएको छ ।

साँगामा चौबिसै घण्टा पशुपक्षीजन्य आयात-निर्यातमा सतर्कता अपनाउँदै नमूना सङ्कलन तथा निगरानी बढाइएको जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ । साथै, संक्रमण रोकथामका लागि व्यवसायीसँग विशेष छलफल गर्न स्थानीय तहलाई समन्वय गर्न आग्रह गरिएको केन्द्रका प्रमुख राजकुमार हुमागाईंले बताए ।

हुमागाईंका अनुसार जिल्लाको दक्षिण-पूर्वी नाका विपी राजमार्गअन्तर्गत रोशी गाउँपालिकाको मङ्गलटारमा पक्षीजन्यको जाँच केन्द्र स्थापना गरिएको छ भने जिल्लाअन्तर्गत राजमार्ग जोडिने अन्य नाकामा निगरानी अपनाइएको छ ।

जिल्लाको विभिन्न स्थानमा बर्डफ्लुको नमूना सङ्कलन तथा परीक्षण गरिएकामा आइतबारसम्मको परीक्षणमा सबैको नेगेटिभ रिपोर्ट आएको केन्द्रले जनाएको छ । केन्द्रले निगरानी बढाउँदै नमूना संकलन तथा परीक्षणलाई निरन्तरता दिइरहेको हुमागाईंले बताए ।

जिल्लाको १३ स्थानीय तहमध्ये बनेपा र पनौती नगरपालिकाले सङ्क्रमण रोकथामका लागि व्यवसायीसँग विशेष छलफल र सचेतना कार्यक्रम गरिसकेका छन् । गत माघ १६ गते मोरङको दुई स्थानमा देखिएको बर्डफ्लु संक्रमण त्यसयता चितवन र राजधानी काठमाडौं तथा उपत्यकाको भक्तपुरमा समेत देखिएको थियो ।

# ओझेलमा पर्दै ज्येष्ठ नागरिक ऐन

**काठमाडौं/मस-** ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को कार्यान्वयनमा बेवास्ता हुन थालेको छ । ऐनमा उल्लेख भएअनुसार सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी तथा चालकले ज्येष्ठ नागरिकका लागि कम्तीमा दुईवटा सिट सुरक्षित राख्नुपर्ने र भाडादरमा ५० प्रतिशत छुट दिनुपर्ने व्यवस्था गरेपनि त्यसको कार्यान्वयनमा चासो नदिएको गुनासो बढेको हो ।



ऐन कार्यान्वयनमा आएको सात वर्ष हुँदासम्म सरकारले 'सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि,२०७०' मा पचास प्रतिशत छुटलाई कार्यान्वयनमा ल्याउन, सरकारले तोकेको स्वास्थ्य संस्थामा उपचारमा लाग्ने शुल्कमा ५० प्रतिशत छूट दिनुपर्ने व्यवस्था गरिए पनि त्यसको कार्यान्वयन हुनसकेको छैन ।

ऐनमा सार्वजनिक सवारीसाधन, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिकस्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग उपलब्ध गराउनु सबैको कर्तव्य हुनेछ भनिएको छ । संविधानको धारा ४१ को ज्येष्ठ नागरिकको हकमा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भनिएको छ । राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका अध्यक्ष मदनदास श्रेष्ठले ऐनमा व्यवस्था भएको अधिकार नै कार्यान्वयन नभएकाले छिट्टो भन्दा छिट्टो सरकारले पहल गर्नुपर्नेमा जोड दिए ।

उनले ज्येष्ठ नागरिकलाई गाडी भाडामा छुट दिनुपर्ने भएकोले गाडीमा चडाउन र भाडा छुट दिन आनाकानी गर्ने गरेकोसमेत गुनसो गरे । ज्येष्ठ नागरिकहरुले परिचयपत्रको आधारमा सार्वजनिक यातायातामा र सरकारी अस्पताल (स्वास्थ्य उपचारमा)मा ५० प्रतिशत छुट दिने व्यवस्थालाई व्यवहारिक रुपमै कार्यान्वयनमा ल्याइनुपर्ने माग गर्दै आएका छन् ।

विगत ५/६ वर्षदेखि ७७ वटै जिल्लामा रहेका महिला बालबालिका कार्यालयबाट ज्येष्ठ नागरिक परिचयपत्र वितरण हुँदै आएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्राललयले जनाएको छ । सरकारले ७० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई मात्र वृद्ध भत्ता दिने गरेकाले ६० वर्षदेखि नै दिनुपर्ने मागसमेत जेष्ठ नागरिकले उठाएको छ ।

# ३ दिने तिर्थ भ्रमण सकेर जेष्ठ नागरीक बबईको टोली हापुरे आईपुग्यो




**राम प्रसाद सुवेदी /मध्यान्ह**
हापुरे फागुन ३० गते ।

३ दिने तिर्थ भ्रमण सकेर जेष्ठ नागरीक बबईको टोली दाङको हापुरे आईपुगेको छ ।

बबई गाउँ पालिकाको आर्थिक सहयोगमा तीन दिनका लागि भनेर गत फागुन २७ गते तिर्थ भ्रमणमा हिडेको टोली भ्रमण सकेर सोमबार हापुरे आईपुगेको जेष्ठ नागरीक संघ बबईका अध्यक्ष शिबलाल भुसालले जानकारी दिए ।

टोलीले पोखरा फेवाताल,गुप्तेश्वर महादेव गुफा, पाताले छाङ्गो बिन्दबासिनी मन्दीर मदन आश्रीत पार्क (दासढुङ्गा ) नवलपरासीको देभघाट, गोर्खा मनकामना, गौतम बुद्ध जन्मस्थल लुम्बिनी सहितका तिर्थ स्थलहरुको भ्रमण गरेको जेष्ठ नागरीक संघका दाङ जिल्ला सदस्य चन्द्र वहादुर वलीले जानकारी दिए ।

तिर्थ भ्रमणमा जेष्ठ नागरीक संघ बबईका पदाधिकारी, सबै वडाका वडा समितिबाट प्रतिनिधि जिल्ला सदस्य चन्द्र बहादुर वली पत्रकार राम प्रसाद सुवेदी सहित ४२ जनाको सहभागीता छ ।

# नाचगान गरेको रकमबाट विद्यालय सञ्चालन

**म्याग्दी/मस-** म्याग्दीको धौलागिरि गाउँपालिका-१ गुर्जाका बासिन्दाले नाचगान गरेर शिक्षकको तलब भत्ता जुटाउने गरेका छन् ।

जनकल्याण माविका निजी स्रोतमा अध्यापन गराउने शिक्षकको तलब र तल्लो तहको दरबन्दी भए पनि माथिल्लो तहमा अध्यापन गराउने शिक्षकको भत्ता नाचगान गरेर जोहो गरेका हुन् ।

विव्यसका अध्यक्ष गुनराम छन्त्यालले गाउँमा विदेशबाट आउने 'लाहुरे'लाई स्वागत, विवाह, छेवार, गुन्युचोली देखाउने, किरिया, चौरासी पुजामा नाचगान गरेर शिक्षकको तलवभत्ता जुटाउने गरिएको जानकारी दिए । 'निजी स्रोतका शिक्षकको तलब भत्ताका लागि वार्षिक नौ लाख रुपैयाँ आवश्यक पर्छ', उनले भने, 'सो रकम जुटाउन शिक्षक, विद्यार्थी, व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले नाचगान गर्छौं ।'

२०६८ सालदेखि मावि तह सञ्चालन भएको विद्यालयमा दुई/दुई जना बालशिक्षा सहयोगी कार्यकर्ता र कार्यालय सहयोगीसहित १५ जना शिक्षक कर्मचारी छन् । प्रधानाध्यापक न्याउली छन्त्यालका अनुसार मावि तहमा एक जना पूर्ण र चार आंशिक निजी स्रोतका शिक्षक छन् ।

'२०७६ सालसम्म चार जना पूर्ण निजी स्रोतका शिक्षकका लागि वार्षिक १४ लाख रुपैयाँ खर्च जुटाउनु पर्थ्यो', उनको भनाइ छ, 'दुई वर्षदेखि गाउँपालिकाले दुई जना शिक्षकको अनुदान र एक जना दरबन्दी मिलान गरेर पठाएपछि केही सहज भए पनि नाचगान गरेर आर्थिक स्रोत जुटाउनुपर्ने बाध्यता भने पूर्णरूपमा हटेको छैन ।'

नाचगानका अतिरिक्त विद्यालय सञ्चालनका लागि विकास योजनामा काम गरेर ज्यालाबापत पाउने रकमसमेत उपलब्ध गराउने गरिएको शिक्षक अभिभावक संघका अध्यक्ष गोर्खा छन्त्यालले बताए ।

## छाउपडी प्रथा अन्त्य गर्ने र नबार्ने परिवारलाई सम्मान

**जुम्ला/मस-**जुम्लाको हिमा गाउँपालिकाले छाउपडी प्रथा अन्त्य गर्ने प्रयास अघि बढाएको छ। पहिलो चरणमा छाउपडी प्रथाविरुद्धको सचेतना अभियान थालेको उक्त गाउँपालिकाले पछिल्लो समय छाउपडी नबार्ने परिवारलाई सम्मान गर्न थालेको हो ।



समाजमा कुरीतिका रुपमा रहेको छाउपडी प्रथा जरैदेखि उखेलनका लागि विभिन्न विकल्प अघि सारिएको गाउँपालिकाकी उपाध्यक्ष हिमाली रोकायाले बताइन् ।

उनले भने, 'छोराछोरी बीच गहिरो विभेद छ । छाउपडी प्रथाले समाजमा हिंसा निम्त्याइरहेको छ । यी दुवैलाई गाउँपालिकाबाट निर्मूल पार्ने अभियान थालिएको हो । छोरीलाई छोरासरह सम्पत्ति दिने र छाउपडी हुँदा घरमै बस्न दिने परिवारलाई सम्मान पनि गरिएको छ ।'

गाउँपालिकाले छोरा समान छोरीलाई सम्पत्ति दिएकामा जिरा रोकाया, मुगा शाही, डुगल शाही, आनन्द शाहीलाई सम्मान गरेको छ । छाउपडी प्रथा बार्ने नगरेका स्थानीयवासी खाम्बा शाही, राजबहादुर शाही र देबु सुनार पनि सम्मानित भएका छन् ।

भेदभावरहित समाज निर्माण अभियानमा सबैको साथ र सहयोग आवश्यक छ। समाज अझै छोरा जन्माउनकै लागि धेरै सन्तान जन्माउने परम्परामा बाँधिएको छ। सो कामलाई अन्त्य गर्न स्थानीय सरकार लागिपरेको गाउँपालिकाकी उपाध्यक्ष रोकायाले जानकारी दिइन् ।

## दुई...

हुने र सत्ताको निम्ति गरिने अनेकन क्रियाकलाप बन्द हुन सक्ने उनको दाबी छ ।

नेपालमा भएको बहुदलीय व्यवस्था बचाउनुपर्नेमा केही व्यक्तिहरुले जोड दिए पनि राजनीतिक विश्लेषक डा. राजेश अहिराज भने देशलाई दुई दलभन्दा बढीको खाँचो नभएको बताउँछन् । 'देशलाई दुई दल भन्दा बढी दलको खाँचो नै छैन, खुद्रे र मुद्रे दलहरु सत्ताभत्काउने, बनाउने, सधै सत्ताको दाउपेच, वैदेशिकशक्ति सन्तुलनको हतियार, गैर राजनीतिककार्यमाउग्र ब्यस्तताको लागिमात्रउपयोगी सिद्ध हुँदै आएको छ,' उनले भने। दुई पार्टी सिस्टममा देश पुगे मात्र परिवर्तन सम्भव हुने उनको भनाइ छ ।

देशमा बढ्दो राजनीतिक वितृष्णाका कारण व्यवस्था परिवर्तनको विषय उठेपनि तत्कालै दुई दल निर्माण हुने कुरा भने असम्भव छ । तर, थेस्रहोल्डलाई बढाएर जाने हो भने मात्र पनि च्याउ जसरी उम्रिएका दलको संख्यामा कमी हुँदै जाने देखिन्छ । तर, सानादलहरु राष्ट्रिय पार्टी नबन्ने डरले थ्रेस होल्ड बढाउने कुरामा सहमत हुन सकेका छैनन् ।

## माधव...

पदमुक्त गरिनुपर्ने मागसहित लगातार संघीय संसद् अवरोध गर्दै आएको छ । संसद अवरोधमा एमालेले आफ्नै कीर्ति तोडिसकेको छ ।

२०५७ सालमा एमालेले ५७ दिन लामो संसद अवरोध गरेको थियो । तर यसपटक ६ महिना बढी भइसकेको छ । गएको २३ भदौबाट एमालेले शुरु गरेको संसद गतिरोध कायम राखेको छ । संसद चल्न नसक्दा जनताका सरोकारमाथि जनप्रतिनिधिहरुले सरकारको ध्यानाकर्षण गराउन पाएका छैनन् । कानून निर्माणदेखि सरकारका नियमित कार्यक्रम अवरुद्ध हुन पुगेको छ ।

तर एमालेको माग सम्बोधन गर्न प्रधानमन्त्री देउवाले सकिरहेका छैनन्। गएको ११ कात्तिकदेखि एमाले नेतृत्वसँग संसद अवरोध खुलाउन आग्रह गरिरहेका छन् । पटकपटक एमाले अध्यक्ष केपी शर्मा ओलीसँग प्रधानमन्त्री देउवाले वार्ताका निम्ति आग्रह समेत गरेका छन् । तर एमालेको अडान प्रष्ट छ- माधव नेपालसहित १४ सांसदलाई पदमुक्त गरिनुपर्छ, एकीकृत समाजवादीको दलीय हैसियत कायम रहन हुन्न ।

प्रधानमन्त्री देउवा सत्ता साझेदार दल नेकपा माओवादी केन्द्र भन्दा पनि माधव नेपाललाई अप्ठ्यारो पार्ने कुनैपनि निर्णय लिन तयार छैनन् । तसर्थ, राष्ट्रिय राजनीतिको केन्द्र भागमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल देखिएका छन् । अध्यक्ष नेपालले पनि प्रधानमन्त्री देउवासँग आशावादी देखिन्छन् ।

एमाले अध्यक्ष ओलीसँगको इगो समस्याकै कारणले पनि माधव नेपाल गठबन्धन जोगाउँदै एमालेसँगलाई किनारामा पार्न चाहन्छन् । त्यसका निम्ति गठबन्धन जोगाउने, बरु राष्ट्रिय राजनीतिक संकटप्रति बेखर रहने नीतिमा प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति देउवालाई सहमत गराएका छन् । ओलीले गएको ७ जेठ मध्यरात दोस्रो पटक विघटन गरेको प्रतिनिधिसभा पुनर्स्थापनासँगै प्रधानमन्त्री देउवा बनाउन माधव नेपालले निर्णायक भूमिका निर्वाह गरेका थिए ।

तिनै भूमिकाका कारणले पनि प्रधानमन्त्री देउवा माधव नेपालका माग सम्बोधन गर्न लगातार तत्पर देखिने गरेका छन् । एमाले जस्तो बलियो संगठन रहेको पार्टीलाई किनारामा पार्दै आफ्नो दल बलियो बनाउन अध्यक्ष नेपालले गठबन्धन र आगामी चुनावलाई अवसरका रुपमा लिएको देखिन्छ । किनकि एमालेले टिकट दिन नसकेपछि असन्तुष्टलाई आफ्नो पार्टीमा तान्ने रुपमा माधव नेपालको योजना देखिन्छ ।

## सुरक्षित...

तर यसको वास्तविक अध्ययन हुन बाँकी छ । प्रगतिशील मञ्च लगायत संघ समेतले अध्ययन गरेर वास्तविकता बाहिर ल्याउनु पर्छ', सांसद सावाँले भने । मञ्चका संस्थापक अध्यक्ष सरोजकुमार पोखरेलले वैदेशिक रोजगार सुधारका लागि राजनीतिक दल निकट संघसंस्था सँगसँगै व्यवसायीको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघबाट पहल हुनुपर्ने बताए । तर आवश्यक पहल हुन नसकेको आलोचना पोखरेलले गरे ।

'संघको गत निर्वाचनमा नेपाली काँग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले कार्यसमितिको १७ वटै स्थानमा जितेपनि वैदेशिक रोजगार व्यवसायीको पक्षमा केही भएन', पोखरेलले भने, 'गलत कुरामा अलमलिनु आवश्यक छैन । जालझेल षड्यन्त्र गरेर आफू अध्यक्ष हुँदा थप गरेको विधानको अप्रजातान्त्रिक व्यवस्था परिवर्तन गर्ने सोच आउनु सकारात्मक छ । तर बिधान संसोधनका नाममा अलमल गर्नु उचित हुने छैन ।'

संघका संयोजक बिमल ढकालले विविध कारणले संघको कार्यसमिति बिघठन भएको अवस्थामा राजनीतिक दल निकट क्रियाशील वैदेशिक रोजगार व्यवसायीका भातृसंस्था र विघटित कार्यसमितिको लिखित सहमतिमा आफु संयोजक भएकाले आफू संयोजक हुनु परिस्थितिको बाध्यताका रूपमा बुझ्न आग्रह गरे ।

त्यसअघि संघका पूर्व अध्यक्ष ढकाल गृहमन्त्री बालकृष्ण खाँडको सम्बन्ध दुरुपयोग गरी चलखेल गरी संयोजक बनेको वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष सीता देवकोटाले आक्रोश पोखिन् । देवकोटाले भनिन्, 'गृहमन्त्री खाँड र प्रधानमन्त्री शेरबहादुर देउवा एउटा व्यक्तिको पछि लागेर यस्ता खेल किन भइरहेका छन् । यसले उनीहरू र पद्धतिलाई राम्रो गने छैन । उहाँहरूले चलखेलको मूल्य चुकाउनु पर्नेछ ।'

त्यसको प्रतिवाद गर्दै संयोजक ढकालले भने, 'म संयोजक हुनुमा कुनैपनि दलका नेताको स्वार्थ छैन । संघको विघटित कार्यसमिति र विभिन्न संगठनको लिखित सहमति तथा प्रगतिशील मञ्चका कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारीको मौखिक सहमतिमा म संयोजक भएको हुँ ।'

ढकालले थपे, 'एक जना व्यवसायी र संघको पूर्व अध्यक्ष भएकाले व्यवसायी र संघको गरिमा बचाउने छु । दुई अग्रज र अनुभवी संघको तदर्थ समितिमा रहेर व्यवसायीको मुद्दा समाधान गर्न अग्रसरता देखाउनु भएको छ । उहाहरू प्रती आभार व्यक्त गर्दछु ।'

जिल्ला प्रशासन कार्यालयले ९ सदस्यीय कार्यसमिति गठन गर्ने दायरा तोकिदिएको भन्दै चाहेर पनि सबैलाई समेट्न नसकेको भन्दै संयोजक ढकालले तदर्थ समितिको मुख्य काम निर्वाचन गराउने भएकाले व्यवसायीका संस्थाहरूको परामर्शमा उनीहरूले चाहेको मितिमा चुनाव गरिने बताए ।

आफू संयोजक भएपछि वैदेशिक रोजगारमा लामो समयदेखि समाधान हुन नसकेका एयरपोर्टमा रहेको लेबर डेक्स हटाउने देखि मलेसियाको श्रम स्वीकृति दिलाउने काम भएको भन्दै सुधारका अन्य निर्णय कतिपय केही दिनमा हुनेछ बताए ।

तदर्थ कार्यसमिति सदस्य संघका पूर्व अध्यक्ष प्रेम कटुवालले २५ बर्ष अगाडि तर्जुमा भएको विधानले संघको वर्तमान आवश्यकता परिपूर्ति गर्न नसक्ने भएकोले विधान संसोधन गर्नुपर्ने अवस्था आएको भन्दै विधान संसोधन गरेर कार्यसमिति चुनाव हुने बताए । वैदेशिक रोजगारका क्षेत्रमा सुधारका धेरै काम बाँकी रहेको, र ती सुधारका काम टुंगोमा पुऱ्याउन तदर्थ समितिलाई व्यवसायीको पूर्ण सहयोग आवश्यक रहेको उनले बताए । पूर्वअध्यक्ष कटुवालले व्यवसायीहरू अनुशासनमा नबसेका कारणले उब्जिएको बताए ।

पूर्व अध्यक्ष कटुवालले भने, 'वैदेशिक रोजगारीमा जाने कामदारबाट लिएको सेवा शुल्क पारदर्शिता हुनुपर्नेछ । कामदारले दुःख पाए हामीलाई शुखी हुन सक्दैनौं भन्ने व्यवसायीहरूले बुझ्नुपर्छ ।'

संघका अर्का पूर्वअध्यक्ष रोहन गुरूङले म्यानपावर बर्गिकरणको फाइल मन्त्रालयमा जिउँदो रहेको भन्दै तदर्थ समितिले म्यानपावर कम्पनीको बर्गिकरणको नियतले शुरू गरिएको फाईल पूर्ण रूपमा बन्द नभएसम्म व्यवसायी ढुक्क हुन नसक्ने बताए ।

घर, गाडी वा कर्मचारी राखेको विषय जोडेर म्यानपावर कम्पनी बर्गिकरण मान्य नहुने भन्दै पूर्व अध्यक्ष गुरूङले दस हजार रूपैयाँमा कामदार पठाउन सकिदैन भनेर खुल्ला रूपमा भनिरहेको अवस्थामा वैदेशिक रोजगार विभागमा व्यवसायीलाई हत्कडी लगाउने उद्देश्यले प्रहरी तैनाथ गर्नु न्यायोचित नभएको बताए ।

तराई मधेस वैदेशिक रोजगार फोरमका अध्यक्ष शितलप्रसाद यादवले वर्तमान तदर्थ समितिलाई कार्यसमिति विस्तार गर्ने अधिकार नभएको बताए । उनलेसमयमा संघको चुनाव गराउनु मिति तोक्न माग गरे । 'नेपाल निर्माण व्यवसायीको महासंघको निर्वाचन हुनसक्छ भने संघको किन हुन सक्दैन', ढकालले भने ।

एसोसिएसनका अध्यक्ष नरेन्द्रप्रसाद ढकालले वैदेशिक रोजगार व्यवसायमा रहेका समस्याको समाधानका लागि मञ्चको निर्वाचित कार्यसमितिसँग सहकार्य गर्न तयार रहेको बताए। संघको कार्यसमितिमा एसोसिएशन वा मञ्चमा आवद्ध व्यवसायीको प्रतिनिधित्व हुने भएकोले हातेमालो गरेर जानुको विकल्प नरहेको बताए ।

कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारीको अध्यक्षतामा र महासचिव डिकबहादुर खत्री (कुमार) को सञ्चालनमा भएको उद्घाटन शत्रमा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैशी, नेकपा एमाले केन्द्रीय सदस्य रचना खड्का, नेपाल पर्यटन बोर्डका उपाध्यक्ष चन्द्र रिजाल लगायतले मन्तव्य राखेका थिए ।

## सहमति...

परेको छ। एक महासचिवमा दलवीर भण्डारी र श्यामकुमार खरेल, दुई उपमहासचिवमा मिलन कट्टेल, दण्डपाणि भट्टराई दिलिप र होमप्रसाद तिमिल्सिनाको उम्मेदवारी परेको छ । त्यसैगरी ७ जना सचिवमा मदन पौडेल, सुशील केसी, हरिबहादुर ठाडा मगर, अमृत बिश्वकर्मा, बेनीबहादुर कार्की, धनमाया सिंजाली र राजेन्द्र अधिकारीको उम्मेदवारी परेको छ ।

एक कोषाध्यक्षमा शिवहरी मैनालीको उम्मेदवारी परेको छ। २५ सदस्यमा जनक पौडेल, हरि डागी, आङछिरिङ शेर्पा, भीष्म शिवाकोटी, खेमनाथ गौतम, माधवप्रसाद भुतेल, दिपक आचार्य, उमेश महतो, सुर्यबहादुर डाँगी, विनोद बिष्ट, मोहनप्रसाद आचार्य, श्यामचन्द्र खतिवडा र रेशम लामिछानेको उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको छ ।

शनिबारसम्म मञ्चको वर्तमान कार्यबाहक अध्यक्ष भण्डारीलाई अध्यक्षमा निर्वाचित गरेर वर्तमान कार्यसमितिलाई अर्को कार्यकाल हुबहु दोहोऱ्याउने तयारी रहेको बताइएको थियो ।

# प्रस्तावित न्यायाधीश श्रेष्ठविरुद्ध उजुरी आह्वान

**काठमाडौं/मस-**संसदीय सुनुवाइ विशेष समितिले सर्वोच्च अदालतका लागि प्रस्तावित न्यायाधीश तिलप्रसाद श्रेष्ठविरुद्ध उजुरी दिन आह्वान गरेको छ ।





सिंहदरबारमा सोमबार बसेको समितिको बैठकले सर्वोच्च अदालतका न्यायाधीशको पदमा न्यायपरिषद्ले सिफारिस गरेका श्रेष्ठविरुद्ध उजुरी भए १० दिनभित्र दर्ता गर्न आह्वान गरेको हो ।

बैठकमा समितिका सभापति लक्ष्मणलाल कर्णले संसदीय सुनुवाइको कार्यविधि अनुसार १० दिनको सूचना जारी गर्ने निर्णय गरेको र १० दिनपछि समितिको बैठकमा सुनुवाइको काम सुरु हुने बताए ।

उनले सर्वसाधारणलगायत सबै सरोकारवालाहरुलाई सूचना जारी गरिने बताए साथै मंगलबारबाट उक्त सूचना सरोकारवाला निकाय र आम नागरिकहरुमा जाने बताए ।

# सर्लाही कांग्रेसको सभापतिमा सिंह निर्वाचित

**सर्लाही/मस-**नेपाली कांग्रेस सर्लाहीको सभापतिमा सुरेन्द्रप्रसाद सिंह निर्वाचित भएका छन्। सिंहले एक हजार ७५८ मत प्राप्त गरी निर्वाचित भएका हुन् ।



उनले अर्का प्रत्यासी लक्ष्मण रायलाई ३८० मतले पछि पारेका हुन् ।

रायले एक हजार ३७८ मत प्राप्त गरेका थिए । १४ औं जिल्ला अधिवेशनअन्तर्गत भएको निर्वाचनमा उपसभापति पदमा नवीन अधिकारी, डा सरोजकुमार, शेख सदुल्लाहल निर्वाचित भएको छ ।

त्यस्तै सचिवमा नीरज कार्की, सहसचिवमा इन्द्रबहादुर योञ्जन र सुनिलकुमार कुशवाहा निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

साउदीमा रोजगारको अवसर | कम्पनी: AL WASL INDUSTRY COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/११/१४ चलानी नं.: ६०१७५९०४ L.T. No.: 259629

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३२,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ८ गते (22 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
अन्जुलिमा इन्टरनेशनल प्रा. लि.
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४४७३१००, ४४७३३००
फ्याक्स: ४४७२६००, मो: ९८१३५४८४७२, ९८४९८१५४१५, पोखरा : ९८४६०२६२९१, ९८४९८३१०३३
Email: info@anjulimaintl.com | Web: www.anjulimaintl.com

# डम्पिङ साइट नहुँदा फोहोर व्यवस्थापनमा समस्या

**गणेश रावत/मध्यान्ह**
कोहलपुर, ३० फागुन



विगत एक हप्ता देखि कोहलपुर बजारको फोहोर उठ्न सकेको छैन । बजार क्षेत्रका अधिकांश सडकहरु अहिले फोहोरले नै भरिएका छन् । फोहोरको दुर्गन्धले आवत-जावत गर्न समेत समस्या भएको स्थानीय सरिता हमालले बताइन् । फोहोर नउठ्दा अहिले पसलमा बस्न समेत नसकिएको उनको गुनासो छ ।

यता नगरपालिकाले भने फोहोर व्यवस्थापनामा स्थानीयले नै चासो नदिएको बताउँदै आएको छ । कोहालपुर नगरपालिका प्रमुख लुट बहादुर रावतका अनुसार सामुदायिक वन र स्थानीयहरुसँग कुरा गर्दा पनि डम्पिङ साइटका लागि जग्गा उपलब्ध नभएपछि फोहोर उठाउन नसकिएको हो । उचित रकमको व्यवस्था गर्छौं भन्दा समेत स्थानीयले जग्गा उपलब्ध नगराएको प्रमुख रावतको भनाई छ ।

'केहि दिन अगाडि बसेको सर्वदलिय बैठकले पनि फोहोर व्यवस्थापनका लागि जग्गाको टुंगो लगाउन सकेन । जमिन दिनेतर्फ कसैले पनि पहल नगरेको र सँधै नगरपालिकालाई मात्र दोष दिँदा समस्या सृजना भएको छ' उनले भने ।

अहिले फाहोर उठाउने जिम्मा पाएको जटायु रिसाइकलर्स प्रालिले भने नगरपालिकाले डम्पिङ साइटको टुंगो नलगाएसम्म फोहोर उठाउन नसक्ने जनाएको छ । जटायु रिसाइकलर्सका पूर्व सञ्चालक समिति खुमबहादुर केसीले पहिला फोहोर फाल्दै आएको ठाउँमा स्थानीयले अवरोध गरेपछि नगरपालिकाले डम्पिङ साइटको व्यवस्था नगर्दासम्म बजारको फोहोर उठाउन नसकिने बताए ।

# सडक सञ्जालसँग जोडियो देशकै गरिब गाउँपालिका

**नहकुल जोशी/मध्यान्ह**
बाजुरा, ३० फागुन



देशकै गरिब तथा न्यून मानव विकास सूचकांकबाट परिचित बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका सडक सञ्जालमा जोडिएको छ । कर्णाली पारी रहेको बाजुराको सो गाउँपालिकाले कर्णाली नदीमा फेरी सञ्चालन गरेपछि गाउँपालिका सडक सञ्जालसँग जोडिएको हो ।

स्वामीकार्तिक खापर गाउँपालिकाको १ करोड ७१ लाख र सुदूरपश्चिम प्रदेश सरकारको १५ लाख गरी कुल १ करोड ८६ लाख लागतमा फेरी निमार्ण गरी आइतबारबाट सञ्चालनमा ल्याइएको गाउँपालिकाका सूचना अधिकारी कुमेर बहादुर शाहीले मध्यान्हलाई जानकारी दिए । तत्काल पक्की पुल निमार्ण भई सडक सञ्जालसँग जोडिने अवस्था नभएपछि गाउँपालिकाले फेरी निमार्ण गरेको उनले बताए ।

स्वामिकार्तिक खापर गाँउपालिका वडा नं ४ को सुईजिउला र जगन्नाथ गाँउपालिका १ पिलुचौरमा फेरी सञ्चालनमा आएपछि स्थानियबासी खुसी भएका छन् । 'कर्णाली करिडोरमा विगत ३/४ वर्षदेखि यातायात सञ्चालन भइरहँदा हामीले वारीबाट हेरेर चित्त बुझाउनु पर्थ्यो, कुनै सामान ल्याउँदा पनि पुलबाट घरसम्म बोक्न निकै समस्या हुने गरेको थियो । अब सजिलो हुने भयो,' स्थानीय मयादत्त जैशीले खुसी व्यक्त गरे ।

गाउँपालिका सडक सञ्जालमा जोडिँदा बाजुराको लेकाली भेगमा उत्पादन हुने स्याउ लगायत फलफूल र विभिन्न तरकारी निर्यात गर्न सहज हुने स्थानीयले बताएका छन् । गाउँपालिका सडक सञ्जालमा जोडिएसँगै वडा नं १ का विभिन्न स्थानमा साना जिपहरु पुऱ्याइएको गाउँपालिका स्रोतले जनाएको छ ।

फेरी निमार्ण कार्य सम्पन्न भएसँगै आइतवार एक कार्यक्रमका बीच गाउँपालिकाका अध्यक्ष चिरन्जीवी शाहीले फेरीबाट यातायात सञ्चालनको उद्घाटन गरेका थिए । गाउँपालिकाले फेरी निमार्ण गरी निमार्ण कार्य सम्पन्न भएकोप्रति खुसी व्यक्त गर्दै अध्यक्ष शाहीले यसले गाउँपालिकाको गरिबी निवारणमा सहयोग गर्नेमा आफू आसावादी भएको बताए । गाउँपीलिका सडकसँग नजोडिँदा यहाँको फलफूल र तरकारी बजारमा पुऱ्याउन समस्या भएको र जनताले लामो समय लगाएर हिँड्नु परेको बताउँदै अध्यक्ष शाहीले अब गाउँपालिकाबासीलाई सहज हुने बताए ।

आइतबार उद्घाटन कार्यक्रममा उपाध्यक्ष मिमा बुढा, निमित्त प्रमुख प्रसाशकीय अधिकृत पारस बहादुर शाही, पाँच वटै वडाका वडा अध्यक्ष, कार्यापालिका र वडा सदस्य लगायत विभिन्न पार्टीका प्रमुख एवं प्रतिनिधि र स्थानीयबासीको उल्लेख्य सहभागिता रहेको थियो । फेरी निमार्णको कार्य सुन्दा मष्टेश्वरी निर्माण सेवाले गरेको हो । गाउँपालिकाभित्र यातायात सञ्चालन गर्न गाउँपालिकाकै पहलमा यसअघि ड्रममा जिप तारेरसमेत सञ्चालन गरिएको थियो ।

# सञ्चार माध्यमसम्बन्धी विधेयक दर्ता

**मोरङ/मस**–प्रदेश नं १ सरकारले सञ्चार क्षेत्रलाई सम्बोधन गर्ने गरी 'प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक, २०७८' प्रदेशसभामा सोमबार दर्ता गरेको छ ।

यातायात व्यवस्था तथा सञ्चार मन्त्रालयले दर्ता गरेको विधेयकमा रेडियो, टिभी, अनलाइन तथा पत्रपत्रिका सबैलाई एकीकृत ऐनमा समेट्ने प्रयास गरिएको छ ।

आठ परिच्छेद, ४५ धारा रहेको विधेयकमा प्रदेश मिडिया काउन्सिल गठन, श्रमजीवी पत्रकार, बीमा, विज्ञापन, पत्रकार प्रशिक्षणलगायत प्रसारणसम्बन्धी व्यवस्था गरिएको छ । महिला, दलित, अपाङ्गता भएकाले पत्रकारिता विषयमा स्नातकोत्तर तहको अध्ययन गर्न चाहेमा प्रदेश सरकारले तोकिए बमोजिमको छात्रवृत्ति रकम उपलब्ध गराउन सक्ने व्यवस्था पनि गरिएको छ ।




महिला, दलित, अपाङ्गता भएका व्यक्तिले सञ्चालन गरेका, दुर्गम क्षेत्रका एवं विभिन्न राष्ट्रिय भाषामा सञ्चालित सञ्चार माध्यमले तोकिए बमोजिम विशेष सहुलियत प्राप्त गर्न सक्ने व्यवस्था पनि गरिएको छ । विधेयकमा प्रेस रजिष्ट्रारको व्यवस्था गरी प्रदेशबाटै पत्रकार परिचय पत्र वितरणको व्यवस्था मिलाइएको छ ।

## गर्भवतीको मृत्यु

**जाजरकोट/मस**– शिवालय गाउँपालिकामा सोमबार एक गर्भवतीको मृत्यु भएको छ । सुत्केरी व्यथा लागेकी वडा नं ४ की विर्मा रावतको अत्यधिक रक्तस्रावपछि मृत्यु भएको गाउँपालिकाका अध्यक्ष नरेन्द्रकुमार शाहीले जानकारी दिए ।

अध्यक्ष शाहीका अनुसार गाउँपालिकाको पहलमा रुकुम पश्चिमको चौरजहारी अस्पताल लैजाने क्रममा रावतको बाटोमै मृत्यु भएको हो ।

### चोरीका २१ मोटरसाइकल सम्बन्धित धनीलाई हस्तान्तरण



**काठमाडौं/मस**– ट्राफिक प्रहरीले काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट हराएका २१ मोटरसाइकल फेला पारी सम्बन्धित धनीलाई बुझाएको छ । महानगरीय ट्राफिक प्रहरी महाशाखाले काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट हराएका १६ मोटरसाइकल र पाँच स्कुटर फेला पारेर सोमबार सम्बन्धित धनीलाई हस्तान्तरण गरेको हो ।

हस्तान्तरण कार्यक्रममा महाशाखाका पमुख, पहरी वरिष्ठ उपरीक्षक उमेशराज जोशीले उपत्यकाको एकान्त ठाउँमा सवार साधन पार्किङ गर्दा बढी हराउने गरेको बताए ।, उनले भने, 'सवारी साधनमा डिक्स लक, ह्वील लक, सेक्युरिटी साइरनको प्रयोग गर्नुपर्छ ।' लाखौं रुपैयाँ तिरेर किनेको सवारी साधनको सुरक्षामा पनि त्यत्तिकै जिम्मेवार हुनुपर्ने उहाँको भनाइ थियो । महाशाखाका अनुसार चालकको लापरबाही, सुनसान क्षेत्रमा पार्किङ, सवारी साधनमा ह्वील लक नगर्नाले धेरै सवारी साधन चोरी हुने गरेका छन् ।

महाशाखाले दुई महिनाको अवधिमा ८८ मोटरसाइकल फेला पारेर सम्बन्धित धनीलाई बुझाइसकेको छ । महाशाखाले आफ्नो सवारी साधन हराउनासाथ ट्राफिक प्रहरीको हटलाइन नम्बर '१०३' मा फोन गरेर वा 'लस्ट भेहिकल एप्लिकेशन'मा लग इन गरेर अनलाइनमार्फत समेत निवेदन दिन सबैलाई आग्रहसमेत गरेको छ ।

## रक्तसञ्चार सेवामा 'एफरेसिस' र 'क्लिया' प्रविधि

**काठमाडौं/मस**–रक्तसञ्चार सेवाको गुणस्तर अभिवृद्धि र सुलभताका लागि केन्द्रीय रक्तसञ्चार सेवा केन्द्रले नयाँ प्रविधि भित्र्याएको छ ।



नेपालमा पहिलोपटक भित्रिएका ती प्रविधिमा रगत संकलनतर्फ 'एफरेसिस' र संक्रमण परीक्षणमा 'क्लिया' छन् । नेपालको रक्तसञ्चार सेवालाई थप सुदृढ बनाउन कोसेढुंगा ठहरिएका ती दुई नवीनतम् प्रविधिलाई नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित उक्त केन्द्रले आजदेखि सुरुवात गर्दैछ । विभिन्न साझेदारका सहयोगमा रक्तसञ्चार सेवालाई विद्युतीय प्रणालीमा रुपान्तरण गर्नसमेत थालनी गरिएको छ । केन्द्रका निर्देशक दिव्यराज पौडेलले भने'सुलभ, गुणस्तरीय र मर्यादित सेवा : नेपालको रक्तसञ्चार सेवा'को अवधारणालाई कार्यान्वयन गर्न यस केन्द्रले नयाँ प्रविधिमार्फत सेवा सुरु गर्न लागेको हो । यसले नेपालको रक्तसञ्चार सेवाको स्तर वृद्धिमा युगान्तकारी परिवर्तन ल्याउनेछ ।'

दाताका रगतमा हुने प्लाज्मा, रातो कोष, सेतो कोपा र प्लेटलेटजस्ता तत्वलाई छुट्याएर चाहिएको रक्ततत्व रक्तथैलीबाट झिकेर बाँकी तत्व दाताकै शरीरमा फर्काउने प्रविधिलाई नै 'एफरेसिस' भनिन्छ । यसैगरी अत्याधुनिक परीक्षण प्रविधिमा 'क्लिया' विश्वकै उच्च खालको नवीनतम् प्रविधि हो । तीनसयदेखि ४५० मिलिलिटर पूर्ण रगत (ध्जयभि दयियम) दान भइरहेकामा एफेरेसिस प्रविधिले खासगरी प्लेटलेट र प्लाज्मा चाहिएमा ती तत्व मात्रै दान गर्न र प्राप्त गर्न सकिन्छ । यस प्रविधिबाट दान गर्दा दाताले अर्को पटक दान गर्न तीन महिना पनि कुर्नु नपर्ने जनाइएको छ । उनले भने, 'एफरेसिस प्रविधिबाट एक/एक महिना वा अत्यावश्यक परेको बेला त्योभन्दा कम अन्तरमा पनि दान गर्न सकिने भएकाले दाता उपलब्ध गराउन सघाउ पुऱ्याउँछ । रगत आवश्यक परेको बिरामीलाई जुन तत्व चाहिएको हो, त्यो मात्रै दिँदा बढी प्रभावकारी हुन्छ । क्यान्सर पीडित र प्लेटलेट कम हुने रक्त समस्या भएकालाई यसले सहज बनाउनेछ । छ देखि आठ युनिट पूर्ण रगत चढाउनुपर्नेलाई एफरेसिस एक युनिट प्लेटलेट मात्रै चढाए पुग्छ ।'

### रक्त जीवाणु परीक्षणमा 'क्लिया'

रगत संकलन शिविर अथवा रक्तसञ्चार केन्द्रमा सङ्कलन भएको रगत बिरामीलाई दिनुपूर्व अनिवार्य विभिन्न जीवाणु परीक्षण गरिनुपर्छ । केन्द्रीय रक्तसञ्चार सेवामा ऱ्यापिड वा इलाइजा प्रविधिबाट हुने गरेको ह्युमन इमिनु डिफिसेन्सी भाइरस, हेपाटाइटिस बी र सी भाइरसका साथै ट्रिपोनियमा प्लाडियम परीक्षण आजदेखि क्लिया प्रविधिबाट हुने जनाइएको छ । सो केन्द्र र स्वास्थ्य मन्त्रालयले रगतको शुल्क समायोजनका लागि गृहकार्य गरिरहेको छ । यसको निर्णय नआएसम्मका लागि सो प्रविधिबाट तयार हुने रगत वा रक्ततत्वको 'क्रसम्याच' बाहेक प्रतियुनिट एक हजार १०० परीक्षण शुल्क कायम गरिएको जनाइएको छ । यसैगरी रक्तसञ्चार सेवामा प्रविधिमैत्री व्यवस्थापन कार्यान्वयनमा ल्याइएको छ । उनले भने, 'रगतको उपलब्धता तथा प्रतिवेदनमा विद्युतीय प्रणाली प्रयोगका लागि क्षमता अभिवृद्धि कार्यक्रम आजदेखि सुरु गरिएको छ ।' रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ (आइएफआरसी) तथा लाइफ बैंकको प्राविधिक सहयोगमा रक्तदान शिविरदेखि वितरणको प्रणालीसम्म विद्युतीय प्रणाली अवलम्बन गरिने निर्देशक पौडेलले जानकारी दिए । यसबाट अस्पताल, दाता र बिरामीले सहजै रगतको मौज्दातबारे जानकारी पाउने छन् । केन्द्रमा रगत लिन आउने बिरामीका आफन्तले सहजै 'डिस्प्ले'मार्फत सूचना तथा अन्य जानकारी पाउनेछन् । अगामी वैशाखसम्ममा यसको तयारी पूरा हुने जनाइएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हक दावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७८/१२/०१**

यस कार्यालयमा मिति २०७४/०५/१७ मा दर्ता भएको **प्रा.लि. नं. १९७५९८** को **एन. एल. इन्फ्राटेक प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**ठाकुरबाबा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सैनवार, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

**E-Bidding मार्फत सार्वजनिक निर्माण सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशन मिति : (२०७८/१२/०१ गते)**

१) यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत विभिन्न स्थानमा तपशिल बमोजिमले सार्वजनिक निर्माण **E-Bidding** मार्फत गर्नु पर्ने भएकोले निर्माण गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (२०७९/०१/०२, १२:००) बजेभित्र बोलपत्र फारमसाथ बोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणित प्रमाणपत्र, आ.व. २०७७ र ७८ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, बोलपत्र दस्तुर वापतको रकमको यस कार्यालयमा जम्मा गरेको राजस्व नगदी रसिद वा यस कार्यालयको **NIC Asia Bank Limited**, भुरिगाउँ, बर्दियामा रहेको राजस्व खाता नं **1612050028296002** मा जम्मा गरेको भौचर एवं जमानत वापतको रकम **NIC Asia Bank Limited**, भुरिगाउँ, बर्दियामा रहेको धरौटी खाता नं. **1612050523888013** शिर्षक नं. **14229** मा रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखी कम्तीमा १२० दिन म्याद भएको जमानीपत्र (विडवण्ड) हरु सहितका कागजातहरु **Scanning** गरी तोकिएका **Format** मा बोलपत्रसाथ **Upload** गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिइनेछ ।

३) बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा बोलपत्र फारमको **Evaluation & Qualification Criteria** मा उल्लेख भएका कागजातहरु समेत अनिवार्य रुपमा ग्उयिबम गर्नुपर्नेछ । उक्त कागजातहरु पेश नगर्ने बोलपत्रदाताहरुको बोलपत्रलाई मान्यता दिईने छैन ।

४) कार्यालयले **Hard Copy** बोलपत्र उपलब्ध गराउने छैन एवं कुनै बोलपत्रदाताले म्यधलयिबम गरी **Hard Copy** दाखिला गर्न आएमा त्यस्तो बोलपत्रलाई कार्यालयले स्वीकार गर्नेछैन ।

५) दर्ता हुन आएका बोलपत्र फारमहरु दर्ता गर्ने अन्तिम मितिमा दिनको २०७९/०१/०२, २:०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने तथा आशिकं स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ साथै विशेष कारणले रकम अपुग हुने भएमा अर्को आ.ब.मा दायित्व सारिनेछ र रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

९) बोलपत्र दाताले फर्म दाखिला गर्नु पुर्व स्वयंले फिल्ड अनुगमन गरेको हुनु पर्नेछ ।

१०) अन्य थप केही कुराहरु बभु ्नु परेमा यस नगरपालिकाको कार्यालयमा कार्यालय समयभित्र फोन नं. ०८४-४०३१९६ मा सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | विवरण | लागत अनुमानित रकम VAT र PS बाहेक | बोलपत्र फारम दस्तुर रु | जमानत रकम |
|---|---|---|---|---|
| MG/W/NBC/ TBNP-21/2078/079 | School Building Construction In Babai Sisu Bidhyalaya | 15,777,150.96 | 3,000.00 | 3,90,000.00 |
| MG/W/NBC/ TBNP-22/2078/079 | School Building For Technical Programme in Nepal Rastiya Ma Vi | 15,993,701.93 | 3,000.00 | 4,00,000.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.

Short Courses
• Interview Tips • English Language • Service Staff Training
• Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY




तालिमपछि रोजगारको ग्यारेन्टी

Best in the KTM
VICTORIA INTERNATIONAL

VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
१ चैत २०७८, मंगलबार
15 March 2022, Tuesday

## सम्पादकीय

# बुझ्न बाँकी लोकतन्त्र

गायक प्रकाश सपुतको गीत राष्ट्रिय राजनीतिमा बहसको विषय बन्न पुगेको छ । नेकपा माओवादी केन्द्र निकट संगठनहरूको चेतावनीयुक्त बक्तव्य र अभिव्यक्तिकै कारण गायक सपुतको गीत बहसको विषय बन्न पुगेको हो । गायक सपुतले माओवादीले सञ्चालन गरेको दश वर्ष सशस्त्र विद्रोहमा सामेल पात्रलाई समेटेर गीत बनाएका छन् । २०५२ देखि चलेको सशस्त्र विद्रोहमा भाग लिएका लडाकूको वर्तमान अवस्था दयनीय बनेको, तर केहीलाई भने फलिफाप बन्न पुगेको निष्कर्ष सहित गीतको भिडियो बनेको छ । माओवादी नेता–कार्यकर्ताले भने सशस्त्र विद्रोहलाई गलत अर्थमा बुझिएको र यौनकर्मलाई प्रोत्साहन गरिएको रूपमा बुझेको छ । माओवादी कार्यकर्ताको चर्को आक्रोश पछि अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड यसबारे बोल्न बाध्य भए ।

प्रचण्डले गायक सपुतको गीतलाई गलत रूपले नबुझ्ने समेत पार्टी पंक्तिलाई आग्रह गरेको छ । माओवादी नेता तथा कार्यकर्ताले सशस्त्र विद्रोहबारे प्रश्न उठ्नासाथ त्यसको प्रतिकारमा उत्रने गरेको यो पहिलो घटना होइन । विशेषगरी पूर्व लडाकूको सपना नेतृत्वले पूरा गर्न नसकेको आरोपलाई माओवादी केन्द्रका नेता–कार्यकर्ताले आफ्नो संगठनलाई कमजोर बनाउने षडयन्त्रका रूपमा बुझ्ने गरेको छ । यसअघि पशुपति शर्मा पनि यस्तै आक्रमणमा परेका थिए । तत्कालीन प्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली निकट नेता तथा कार्यकर्ताले गायक शर्मालाई धम्की दिएका थिए । 'नेपालमा जस्तो लुट' अन्यत्र नहुने गीत गायका शर्माले लुटलाई निरूत्साहित गरिनुपर्ने सन्देश समेत दिएका थिए ।

तर तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का कार्यकर्ताहरूले चर्को आपत्ति जनाए । गीत नसच्याए कार्बाहीको चेतावनी दिए । संगीत क्षेत्रलाई जस्तै चेतावनी लेखक, पत्रकार, साहित्यकारहरूले पनि खेप्ने गरेका छन् । संस्थापनविरूद्ध आवाज उठाउने जोकोही चेतावनी र धम्कीको भागिदार बन्ने गरेका छन् । त्यसैको पछिल्लो दृष्टान्त मात्रै हो– गायक सपुतविरूद्ध माओवादी पंक्ति खनिनू । तर संस्थापनलाई प्रश्न उठाउन पाउनु संवैधानिक अधिकार हो भन्ने तथ्य चाहिँ राजनीतिक दलहरूले बुझ्न सकेको देखिन्न । नागरिक स्वतन्त्रताको निम्ति संघर्ष गरेर स्थापित भएका दलहरूमा देखिएको यस्तो प्रवृत्ति लोकतन्त्र र संविधान विरूद्ध हो । संविधानबाट बर्जित गरेको विषयबाहेकमा प्रश्न उठाउने र गतिविधि गर्ने छुट हरेक नागरिकलाई छ । त्यसो नहुनु भनेको लोकतन्त्रलाई नबुझ्नु हो ।

# पत्रकारितामा युट्युब र अनलाइन मिडिया

**संविधानकै प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्था गरिएको छ । तर, विचार र अभिव्यक्तिको स्वतन्त्रताको नाममा विधिको शासनलाई नै धज्जी उडाउने काम कदापी राम्रो होइन ।**

अग्रलेख



● झलक शर्मा

सूचना तथा प्रविधिको विकासले नेपाली समाजमा धेरै सञ्चार माध्यमको जन्म गराएको छ । इन्टरनेटको सरल पहुँचले गर्दा यसमा लगानी गर्ने र आवद्ध हुनेको संख्या पनि वृद्धि भएको छ । इन्टरनेटको माध्यमबाट सञ्चालनमा ल्याइने अनलाइन पोर्टल, युट्युब च्यानलको माध्यमबाट कैयौँ युवायुवतीले रोजगारी पाएका छन् । उनीहरू अनलाइन माध्यमबाट समाजलाई सुसूचित गराउन पनि उद्दत छन् । तर यसको दुरूपयोगले समाजलाई भ्रमात्मक बनाएको छ । अनलाइनमार्फत पृत पत्रकारिता गर्नेले सिंगो पत्रकारिता जगतलाई नै अविश्वासको खाडलमा पुऱ्याउने दुस्साहस गरेको देखिन्छ । सहजैरूपमा युट्युबमा अनलाइन च्यानल निर्माण गर्न सकिने, घरमा नै बसेर एउटा क्यामराको भरमा च्यानल सञ्चालन गर्न सकिने हुनाले युट्युब च्यानल सञ्चालन गर्नेको संख्या बाक्लिदै छ । नेपाली सञ्चार जगतमा पत्रकारिताको मूल्य मान्यता, आचारसंहिता र विद्यमान कानूनलाई आत्मसाथ नगरि केबल रहरका भरमा अनलाइन युट्युब च्यानल सञ्चालन गर्ने प्रवृत्ति मौलाइरहेको छ ।

| १. | नाम:बालकृष्ण प्रधान<br>बुबा:द्धरिकामान प्रधान<br>बाजे:धनुषमान प्रधान<br>ठेगाना:का.म.न.पा -२३, काठमाडौं |  | नाम:जर्नादन अर्याल<br>बुबा:छविलाल अर्याल<br>बाजे:पदमनिधि अर्याल<br>ठेगाना:जितपुर-०६,काठमाडौं |  | काठमाडौं गोलढुङ्गा<br>वडा नं ०९ ग<br>कि.न. १२७<br>क्षेत्रफल :१-१-०-० |
| २. | नाम:सुश्री श्रृजना प्रधान<br>बुबा:द्धरिकामान प्रधान<br>बाजे:धनुषमान प्रधान<br>ठेगाना:का.म.न.पा -१६, काठमाडौं |  | नाम:जर्नादन अर्याल<br>बुबा:छविलाल अर्याल<br>बाजे:पदमनिधि अर्याल<br>ठेगाना: जितपुर-०६,काठमाडौं |  | काठमाडौ गोलढुङ्गा<br>वडा नं ०९ ग<br>कि.न. १२७<br>क्षेत्रफल :१-१-०-० |

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोन : ०१-४४३५७७९-०१-४४३४३२०
E-mail : savingbachan@gmail.com, web : www.bachansaving.com.np



### चौरजहारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०७८।१२।०१)**

यस कार्यालयबाट मिति २०७८।१०।०९ गते प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको अवधिभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्यांकन समितिबाट मूल्याङ्कन भई तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूतरुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| 1 | CJM/WORKS/ NCB/10/078/079 | Construction of Water Supply Project Chaurjahari 13, (Jhape), Rukum (West) | Saghan Nirman Sewa Barekot-8, Jajarkot, Nepal | रु.४१,३५,५०३.१९ |

प्रमुख प्रशासकिय अधिकृत

# बक्स अफिस समाचार

## नेपाली फिल्ममा महिला सहभागिता किन कमजोर ?

**काठमाडौं/मस–** किपालय प्रडक्सनले ब्रिटिश काउन्सिलसँगको सहकार्यमा नेपाली फिल्म तथा सञ्चारमाध्यममा महिलाको उपस्थितिको बारेमा एक दिने कार्यक्रम आयोजना गरेको छ ।

नेपाल चलचित्र विकास बोर्डको प्रेक्षालयमा दिनभर चलेको कार्यक्रममा फिल्म तथा सञ्चारमाध्यममा महिलाको उपस्थिति तथा भूमिकाका विविध पाटोमा छलफल गरिएको थियो । मुख्य गरी तीन भागमा बाँडी गरिएको कार्यक्रममा अधिकांश सहभागीले फिल्म तथा मिडिया दुवैमा महिलाको संख्या मात्र कम नभएर दुवै क्षेत्रमाउ नीहरूको हस्तक्षेपकारी भूमिका पनि नभएको निष्कर्ष प्रस्तुत गरेका थिए ।

ब्रिटिश काउन्सिलले महिला दिवसको दिन ८ मार्चबाट सुरु गरी १० दिनसम्म मनाइरहेको विविधि कार्यक्रममध्ये एक दिन वुमन अफ दिन वर्ल्ड फेस्टिभलअन्तर्गत फिल्म डेको रुपमा मनाउने निर्णय गर्दै फिल्ममा महिलाको भूमिकालाई केन्द्रमा राखेर एक दिने कार्यक्रम आयोजना गरेको हो ।

बिहान ११ बजेदेखि सुरु भई साँझसम्म चलेको कार्यक्रमको पहिलो सेसनमा ७ जना महिला फिल्मकर्मीले बनाएका छोटा फिल्म देखाएर तिनमाथि छलफल चलाइएको थियो । 'महिला र उनीहरूको कथा वाचन'शीर्षकमा समेटिएको फिल्म स्क्रिनिङ तथा छलफलमा फिल्मकर्मी सपना बेलबासे, शिरिषा कुँवर




र जियोन मगरसँग पुष्पा जोशीले छलफल चलाएकी थिइन् । १८ वर्षभन्दा माथि र तल गरी दुई श्रेणीमा विभाजन गरी देखाएका फिल्ममा दोस्रो चरणमा १८ वर्षभन्दा मुनिका महिलाले बनाएका फिल्म देखाएर छलफल गरिएको थियो । सो सत्रको सञ्चालन प्राधान्य योञ्जनले गरेकी थिइन् भने कर्मा इहाजोम, इहाका डोल्मा, सम्पदा सापकोटा, रोसेटे डेला रोसा तामाङ र अन्नपूर्ण देवकोटाले आफूले बनाएका फिल्मको बारेमा धारणा राखेका थिए ।

यही सत्रमा ग्रान्टमा फिल्म बनाइरहेका फिल्मकर्मीले यसरी संघ संस्थाबाट आर्थिक सहयोग पाएर फिल्म बनाउँदाका अनुभव बाँडेका गिए । प्रसुना डंगोलले सञ्चालन गरेको यो छलफलमा प्रशंसा केसी, बर्खा राई, तोरा योङ र आकांक्षा कार्कीले आफ्नो अनुभव बाँडेका थिए ।

दोस्रो सत्रमा भने नेपाली फिल्ममा महिलाको चरित्र चित्रणसम्बन्धी समस्यालाई प्रस्तुत गरिएको थियो । कार्यक्रममा पिंकी शिरिष रानाले नारीवादको आँखाबाट नेपाली सिनेमा र मिडियामा महिलाको अवस्था प्रस्तुत गरेकी थिइन् भने अभिमन्यु दीक्षितले विगतदेखि वर्तमानसम्ममा नेपाली सिनेमामा महिलाको प्रतिनिधित्वको चर्चा गरेका थिए । सो सत्रमा केही नेपाली सिनेमाका प्रतिनिधि दृश्यहरू देखाउँदै तिनले समग्र नेपाली सिनेमाको अवस्था बयान गर्ने आसय व्यक्त गरिएको थियो । यो सत्रको संयोजन गौंथली इन्टरटेनमेन्टले गरेको थियो ।

कार्यक्रमको तेस्रो भागमा भने नेपाली सिनेमामा महिलाको वर्तमान अवस्था, अवसर तथा चुनौतीका विषयमा राउन्ड टेबल छलफल चलाइएको थियो । अभिनेत्री उषा रजकले सहजीकरण गरेको छलफलमा फिल्ममार्फत नारी सशक्तिकरणमा काम गरिरहेका संस्थाका प्रतिनिधिको सहभागी रहेको थियो ।

कार्यक्रममा प्लान नेपालीकी रक्षा पौडेल, निर्देशक शान्ता नेपाली, नेपाली टेलिभिजनकी वरिष्ठ कार्यक्रम निर्माता नीता सापकोटा, ओनियन फिल्मका सह संस्थापक सुरत गिरी, नेपाल फिल्म क्याम्पसका प्रिन्सिपल शिशिर उप्रेती, ह्युमन राइट फिल्म फेस्टिभलकी बिधु माझी, डकस्कुलका सरोज सापकोटा, युएन वुमनका रविन राई, माउन्टेन फन्डका कार्यकारी निर्देशक स्कट म्यालेनन , पत्रकार तथा समीक्षक सामीप्यराज तिमल्सेना र किपालयकी सदस्य पुष्पा जोशीको सहभागिता रहेको थियो ।

छलफलमा सहभागी अधिकांशले आफूहरूले संस्थागत रुपमा अडियो भिज्युवल प्रडक्सनमा महिलाको सहभागिता बढाउन विभिन्न कार्यक्रम गरिरहेको जानकारी गराएका थिए । अधिकांशले लैंगिक विभेदलाई प्रश्रय दिने सामाजिक सोचमा परिवर्तन नल्याएसम्म यो क्षेत्रमा सोचे झैं महिलाको प्रतिनिधित्व गराउन नसकिने बताएका थिए ।

## 'हिजो आजका कुरा'को प्रदर्शन मिति तय

**काठमाडौं/मस–** फिल्म 'हिजो आजका कुरा'को प्रदर्शन मिति तय भएको छ । आउँदो असोज २८ गते फिल्म प्रदर्शनमा आउने भएको हो । यसअघि २०७७ सालको बैशाख १२ गतेलाई फिल्म 'हिजो आजका कुरा'को प्रदर्शन मिति घोषणा गरिएको थियो । तर, कोरोनाका कारण सरकारले हलहरु बन्द गरेपछि फिल्मको रिलिज स्थगन भयो । तीन पटक हलहरु बन्द भएर खुलेपछि फिल्मको आउँदो असोज २८ गतेलाई नयाँ प्रदर्शन मिति घोषणा गरिएको हो । मोफसलमा एफडी र राजधानीमा बीके फिल्मस्ले फिल्मलाई वितरण गर्नेछ ।




१८ वर्षसम्म नेपाल टेलिभिजनमा प्रशारण भएको टेलिसिरियल 'हिजो आजका कुरा'को नाम सापटी लिएर निर्माण भएको फिल्मले कुनै न कुनै तरिकाले विदेशसँग सरोकार राखेका वा राख्न इच्छुक काठमाडौंका चार परिवारको पारिवारिक समस्या, संघर्ष र आतुरतासँगै विदेश जाने सपना पूरा गर्न केही न केही गुमाउनु पर्ने कथालाई उठाएको छ । साकार पन्तले फिल्मका निर्देशक हुन् । फिल्ममा सन्तोष पन्त, रमा थपलिया, रीमा विश्वकर्मा, केकी अधिकारी, ऋचा शर्मा, जेविका कार्की, रमेश अधिकारी, सविन शाक्य, नव-कलाकार द्वय विनायक कुइकेल, अनुष्का घिमिरे लगायतको अभिनय रहेको छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
**आयोजना क्लष्टर ईकाई**
चौतारा, सिन्धुपाल्चोक

**दररेट पेश गर्ने सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८ चैत्र ०१ गते**

यस कार्यालयको आ.व. २०७८/७९ स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल कार्यक्रमहरुको कार्यन्वयनार्थ विविध कृषि जन्य सामांग्रीहरु तथा औजार उपकरणहरु खरिद गर्नुपर्ने भएकोले सो सम्बन्धि विविध सामाग्री तथा औजार उपकरणहरु सप्लाई गर्न योग्य सप्लायर्स/उत्पादकले आवश्यक स्पेशिफिकेशन सहित के कति दर रेटमा सप्लाई गर्न सक्ने हो सो को प्रति इकाई दर रेट यस सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र तपशिलमा उल्लेखित आवश्यक कागजातहरु सहित पेश गर्नु हुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

**कार्यक्रमहरु**
१. कृत्रिम गर्भधान केन्द्र स्थापना तथा संचालनार्थ आवश्यक औजार उपकरण तथा रसायनहरु
२. दुग्ध उत्पादक कृषक समूहहरुको लागि स्टिल क्यान ४-५ लिटर र ४०-५० लिटर क्षमता भएको र गाइ भैसीहरुको रोग तथा परिजिवी नियन्त्रणका लागि आवश्यक विविध औषधि उपचार भिटामिन खनिज
३. बाख्रा प्रवर्द्धन कृषक समूहहरु र मल्टिप्लायर हर्डको लागि तौलने मेसिन, वर्डिजो क्यास्ट्रेटर, ट्याग मेसिन तथा ट्याग, माइक्रोस्कोप र बाख्राको रोग तथा परिजिवी नियन्त्रणका लागि आवश्यक विविध औषधि उपचार भिटामिन, खनिज
४. बाख्रा प्रवर्द्धन कृषक समूहहरुको लागि नश्ल सुधार गर्ने प्रयोजनार्थ ५० प्रतिशत शुद्ध बोयर जातको बोका
५. ग्रामिण कुखुरा पालन/प्रवर्द्धन कृषक समूहहरुको लागि कुखुराको रोग तथा परिजीवि नियन्त्रण गर्ने विविध औषधी उपचारहरु
६. पोलिहाउसमा खेतीका लागि विविध सामाग्रीहरु जस्तै प्लाष्टिक टनेल थोपा सिंचाइ गार्डेन पाइप हजारी सेट विषादी छर्ने उपकरण र सावधानीका लागि सुरक्षणका सामाग्रीहरु
७. कृषि औजार उपकरण र मेसिनरीहरु
८. घरवारी पोषण बगैंचा स्थापनाका लागि विविध सामाग्रीहरु जस्तै पोलिहाउस खेति सामाग्रीहरु छेकवार सिंचाइ र कम्पोष्ट पिट निर्माण आदि
९. सिजनल तरकारीका वीउहरु (हिउँदे/वर्षे)

**दररेट संगै पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**
- संस्थाको इजाजत पत्रको प्रतिलिपि : १ थान
- प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि : १ थान
- कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि : १ थान
- सुची दर्ता निवेदन : १ थान

**प्रमुख**
**वरिष्ठ कृषि अधिकृत**

## 'द कश्मीर फाइल्स'को उत्साहजनक व्यापार



**काठमाडौं/एजेन्सी–** शुक्रवार बाट प्रदर्शनमा आएको फिल्म 'द कश्मीर फाइल्स'ले बक्सअफिसमा तहल्का मचाएको छ । यो फिल्मले लगानी उठाउन पनि नसक्ने विश्लेषण गरिएको थियो । किनकि, न फिल्मको प्रचार गतिलो थियो न ठूलो स्टार कास्ट नै । तर, बलियो वर्ड अफ माउथले फिल्मको व्यापार दिन प्रतिदिन बढेको छ ।

फिल्मले पहिलो दिन ३ करोड ५५ लाखको व्यापार गरेको थियो । दोस्रो दिन फिल्मको कमाईमा १३९.४४ प्रतिशतले वृद्धि भयो । अर्थात् फिल्मले ८ करोड ५० लाख छाप्यो । तेस्रो दिन फिल्मले बक्सअफिसमा ठूलो उछाल ल्याएको छ । ३२५.३५ प्रतिशतले वृद्धि हासिल गर्दै तेस्रो दिन फिल्मले १५ करोड १० लाख कमाएको छ । तीन दिनमा फिल्मको कमाई २७ करोड १५ लाख पुगेको छ । फिल्ममा अनुपम खेर, मिथुन चक्रवर्ती, दर्शन कुमार, पल्लवी जोशी, पुनीत इस्सर, मृणाल कुलकर्णी लगायतका कलाकारहरुको मुख्य भूमिका रहेको छ । फिल्ममा कश्मीर पीडितको त्यसबेलाको कथा देखाइएको छ, जब ९० को दशकमा उनीहरुलाई आफ्नै राज्यबाट निकालिएको थियो । विवेक अग्निहोत्रीको निर्देशनमा तयार भएको फिल्मलाई अभिषेक अग्रवालले निर्माण गरेका हुन् ।

साउथ इन्डियन फिल्म 'राधे श्याम'का कारण ७०० स्क्रिनमा खुम्चिएको 'द कश्मीर फाइल्स'ले जबर्जस्त माउथ पब्लिसिटीका कारण हल संख्या बढाउँदै लगेको छ । नेपालमा भने यो फिल्म प्रदर्शनमा आएको छैन । '

राधे श्याम'ले कमजोर व्यापार गरेपछि वितरक मनोज राठीको समुहले 'द कश्मीर फाइल्स'लाई नेपाल भित्राउने भएको छ । सम्भवतः शुक्रवार फिल्म नेपालमा प्रदर्शन हुनेछ ।

## 'परस्त्री'को शुभमुहूर्त

**काठमाडौं/मस–** सुरज पाण्डेको डेव्यु निर्देशन रहने सिनेमा 'परस्त्री'को शुभमुहूर्त गरिएको छ ।

आइतवार ललितपुरको बंगलामुखी मन्दिरमा सिनेमाको शुभमुहूर्तसँग छायांकन शुरु भएको जानकारी दिइयो । सिनेमाको निर्माण टिम गीत खिच्न आइतबार नै मुस्ताङ हिँडेको छ ।

लेखक तथा निर्माता दीपेन्द्र के खनालले सवैभन्दा पहिले आफूहरु गीतको छायांकन गर्ने अनि मात्रै काठमाडौंमा सिनेमाको सिन खिच्ने गरी तयार भएको बताए ।

मुस्ताङमा १० दिनसम्म सिनेमाको गीतको छायांकन गरिनेछ । भने, बाँकी ३० दिन काठमाडौं छायांकन सेड्युल राखिएको छ ।

नेपाली र हिन्दी गरी दुई भाषामा निर्माण गरिने सिनेमाको शुभमुहूर्तसँगै प्रदर्शन मिति पनि




घोषणा गरिएको छ । सिनेमा आगामी वर्षको तिहार अर्थात कार्तिक ६ गतेबाट नेपालभरका सिनेमा घरमा रिलिज हुनेछ ।

डिएस डिजिटलको व्यानरमा निर्माण हुने सिनेमाकी निर्मात्री शर्मिला पाण्डे हुन् ।

सिनेमामा कोशिस क्षेत्री, शिल्पा मास्के, गौरव बिष्ट, अलिसा क्षेत्री, अशान्त शर्मा लगायतका कलाकारको मुख्य भुमिका रहेको छ । सिनेमालाई निरज कँडेलले खिच्ने छन् । निर्देशक पाण्डेले आफू र आफ्नो टिमले लामो समयदेखि सिनेमाको प्रि-प्रोडक्सनको राम्रो तयारी गरेकाले पनि राम्रो सिनेमा बन्ने विश्वास व्यक्त गरे । फिल्मका लागि केही कलाकार अडिसनबाट छानिएका थिए ।

**राजापुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राजापुर, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

**सच्चाईएको**

**प्रकाशित मिति : २०७८/१२/०१**

मिति २०७८/११/३० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **निःशुल्क औषधि तथा सर्जिकल्स् सामाग्रीहरु खरिद कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचनामा ठेक्का नं. २७/०७८/०७९ RM/SQ/GOODS/** हुनुपर्नेमा भुलवस छुट्न गएकोले सच्चाईएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**ठाकुरबाबा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सैनवार, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०७८/१२/१**

यस कार्यालयको तपशिलमा उल्लेखित खरिद कार्यहरुको लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम नियमानुसार म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | विवरण | स्वीकृत हुने फर्मको नाम | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| MG/G/NCB/ TBNP-19/078/079 | Procurement of Fabricated Steel Parts for Khunpur Sujanpur Multispan Truss bridge | Junkiri Industries P. Ltd. Butwal-10 | 48,57,928.26 |
| MG/G/NCB/ TBNP-20/078/079 | Road Upgrading at Different Location | Kaligandaki Nirman Sewa, Nepalgunj-13 | 56,81,221.6 |

**प्रमुख प्रशासकीय अधिकृत**

**फ्रि भिसा, फ्रि टिकट र ZERO Cost मा कतारमा रोजगारको अवसर**

**१. कम्पनी : METITO (OVERSEAS) QATAR WLL** — **शहर: DOHA**
पूर्व स्वीकृत मिति: २०७८/११/३० — चलानी नं.: ६०१७५८९७ — LT. No.: 259506

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५०,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 15 | 0 | | 2000 | ६६,७४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ८ गते (22 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | निःशुल्क | निःशुल्क | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SAPTAKOSHI HUMAN RESOURCE PVT. LTD.**
SHR Est. 2010
Gov. Lic No. 884/067/068
Tilganga-9, Kathmandu Tel: +977- 1- 4483524, 4483525
Email: info@saptakoshihr.com

**साउदीमा रोजगार** | **१. कम्पनी : YAROB ABDULAZIZ IBRAHIM AL AMER FARM**
**शहर: RIYADH**
स्वीकृत मिति : २०७८/११/३० — चलानी नं.:६०१७५९२५ — L.T. No.:259432

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Work | 9 | 0 | स. काममा दक्ष | 1000 | ३२,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ८ गते (22 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**PRATIGYA OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. १५२९/०७७/०७८
P.O.Box No.:5650, Address:Battisputali-09 Gausala, Kathmandu
Email: overseaspratigya@gmail.com | Tel: 01-4479481, 4486459
Mob: 9823366480, 9801069217 | Website: www.pratigyaoverseas.com

# आर्मीलाई झापा गोल्डकपको उपाधि




**झापा/मस-** पाँचौं झापा गोल्डकपको उपाधि त्रिभुवन आर्मी फुटबल क्लबले उचालेको छ । झापाको डोमालाल रंगशालामा सोमबार भएको फाइनल खेलमा झापा-११ लाई २-१ गोल अन्तरले पराजित गर्दै आर्मीले उपाधि हात पारेको हो ।

आर्मीलाई जित दिलाउन टेक बहादुर बुढाथोकी र जर्ज प्रिन्स कार्कीले एक एक गोल गरे । झापाका विमल घर्ति मगरले एक गोल फर्काए । खेलको १८ औं मिनेटमा टेक बहादुरले आर्मीलाई शुरुवाती अग्रता दिलाएका थिए । सुमन अर्यालको क्रस पासमा टेक बहादुरले उत्कृष्ट फिनिस गरे ।

त्यसको ३ मिनेट नबित्दै कप्तान जर्ज प्रिन्सले आर्मीको अग्रता दोब्बर बनाए । गोलरक्षक र डिफेन्सको तालमेल नमिल्दा जर्जप्रिन्सले जाली चुमाए । गोलरक्षक दिप कार्की अघि बढेको मौकामा उनले गोल गरेका थिए ।

त्यसपछि खेलको २४ औं मिनेटमा झापाका विमलले गोल अन्तर कम बनाए । उर्लिचको क्रसपासमा अनमार्क बिमलले हेडर माफर्त गोल गरे । दोश्रो हाफका दुवै टोलीले केही राम्रा अवसर बनाएपनि सदुपयोग गर्न सकेनन् ।

योसँगै आर्मीले चौथो पटक झापा गोल्डकपको उपाधि जितेको छ । झापा-११ ले भने पाँच पटक नै उपविजेतामा चित्त बुझाएको छ । प्रतियोगितामा विजयी आर्मीले नगद रु १२ लाख ५५ हजार र उपविजेता झापा-११ ले रु छ लाख पाँच हजार हात पारेको छ । समापन समारोहमा झापा-११ फुटबल क्लबका फरवार्ड विशाल राई 'ए' लाइफ टाइम अचिभमेन्ट अवार्डबाट सम्मानित गरिएको छ ।

# प्रथम तनहुँ भलिबल प्रतियोगिताको उपाधि तनहुँ सेवा समाज यूएईलाई

**सुरिन भुजेल/मध्यान्ह**
यूएई, ३० फागुन

'स्वास्थ्यको लागि खेलकुद' भन्ने मुल नाराका साथ आयोजना गरिएको प्रथम तनहुँ भलिबल प्रतियोगिता २०२२ को उपाधि आयोजक टिम तनहुँ सेवा समाज यूएईले हात पारेको छ । तनहुँ सेवा समाज यूएई खेलकुद विभागको आयोजनामा भएको प्रतियोगिताको ६ मार्च २०२२ तारिखमा प्रमुख अतिथि नेपाली समाज यूएईका अध्यक्ष गोबिन्द ढकालले उद्घाटन गरेका थिए ।

उद्घाटन भएको दिन १६ टिम बीच प्रतिस्पर्धा भएको थियो । सो प्रतिस्पर्धाबाट आयोजक टिम तनहुँ सेवा समाज यूएई र पर्वत भलिबल क्लबले फाइनलमा स्थान बनाएका थिए । फाइनल खेल १३ मार्च २०२२ तारिख आइतबार दुबईस्थित अलकुज बलेदिया भलिबल खेल मैदानमा भएको थियो । फाइनलमा आयोजक टिमले पर्वत समाजलाई सोझो सेटमा हराउँदै उपाधि जितेको तनहुँ सेवा समाज यूएईका प्रवक्ता गणेश बस्नेतले जानकारी दिए । आयोजक टिमले पर्वत समाज भलिबल क्लबलाई पहिलो सेट २५-२२, दोस्रो सेट २५-१९ र तेस्रो सेट २५-२१ को सोझो सेटमा पराजित गरेको हो । उपाधि जित्दै आयोजक टिमले २ हजार ५०० यूएई दिरामका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो भने पर्वत सेवा समाज यूएईले द्वितीय स्थान हासिल गर्दै १ हजार ५०० यूएई दिरामसहित ट्रफी, मेडल र प्रमाणपत्र हात पाऱ्यो ।



खेलको म्यान अफ द म्याच तनहुँका उदयमान खेलाडी मिलन चन्द ठकुरी, बेस्ट ब्लकर तनहुँका देब लिम्बू, बेस्ट स्पाईकर तनहुँका निर्मल शाही ठकुरी, बेस्ट सेटर तनहुँका घनश्याम गुरुङ (गन्नु), बेस्ट सर्भिस पर्वतका ललित खत्री, बेस्ट लिब्रो पर्वतका उमेश गर्बुजा घोषित भएका थिए । उत्कृष्ट खेलाडीमा तनहुँका टिमक्याप्टेन भरत थापाले १ सय यूएई दिराम हात पार्न सफल भए ।

समाजका अध्यक्ष सुदिप कार्की, समाजका संरक्षक दिपक खड्का, समाजका वरिष्ठ सल्लाहकार हिरालाल श्रेष्ठ, सल्लाहकारहरु बसन्त रिमाल, अमर रानाभाट, कृस रायमाझी साथै अन्य संघ संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा पुरस्कार प्रदान गरिएको थियो ।

प्रतियोगितालाई राजु तिमिल्सिनाले मुख्य प्रायोजन गरेका थिए भने अन्य प्रयोजकहरुमा क्युट लुक्स ब्युटी पार्लर, शुभ यात्रा ट्राभल्स एण्ड टुर्स, नेपाली चुल्हो, सयपत्री रेस्टुरेन्ट, सयपत्री ट्राभल, कोसेली ट्राभल, वान गो ट्राभल्स एन्ड टुर, रिया मनि ट्रान्सफर, आईएमई यूएई, घान्तुत नेपाली क्याफे, देब शाही ठकुरी, बसन्त थापा, महेश श्रेष्ठ र भुवन थापा मगर रहेका थिए ।

यूएईमा रहने सम्पूर्ण संघ संस्था र खेलप्रेमीहरु उपस्थिति भएर खेलाडीहरुलाई हौसला बढाई कार्यक्रममा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग गर्ने सबैलाई आयोजक टिमले धन्यवाद व्यक्त गरेको थियो ।

### प्रथम बागमती प्रदेश खेलकुद

# काठमाडौं फाइनलमा



**काठमाडौं/मस-** प्रथम बागमती प्रदेश खेलकुदअन्तर्गत महिला टी-२० क्रिकेटमा काठमाडौं सोमबार फाइनलमा प्रवेश गरेको छ । तीन टिम सहभागी क्रिकेटको राउन्ड रोविन लिगमा दोहोरो जित निकाल्दै काठमाडौं फाइनलमा पुगेको हो ।

पहिलो खेलमा काठमाडौंले भक्तपुरलाई १० विकेटले पराजित गऱ्यो । पहिले ब्याटिङ गरेको भक्तपुरले १७ ओभरमा पूरै विकेट गुमाउदै ४२ रन बनायो । जवाफमा काठमाडौंले विना विकेट क्षति मात्र ३ ओभरमा लक्ष्य भेटायो ।

अर्को खेलमा काठमाडौंले चितवनलाई १ सय २१ को फराकिलो अन्तरले हरायो । काठमाडौंले निर्धारित २० ओभरमा २ विकेट गुमाउदै १ सय ८३ रनको योगफल खडा गरेको थियो ।

काठमाडौंकी कञ्चन श्रेष्ठले ७० रन जोडिन् । चितवन ६१ रनमा अलआउट भयो । काठमाडौंले उपाधिका लागि भक्तपुर र चितवनबीचको विजेतासंग बुधबार खेल्ने छ । खेलकुदअन्तर्गत पुरुष फुटबलमा रामेछाप र मकवानपुर क्वाटरफाइनलमा प्रवेश गरेका छन् । रामेछापले सिन्धुपाल्चोकलाई टाइब्रेकरमा ४-२ गोलले पराजित गऱ्यो । निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएको थियो ।

मकवानपुरले नुवाकोटलाई ३-० गोलले हरायो । मकवानपुरका सुदीप सापकोटाले २ तथा समिराज ठोकरले १ गोल गरे ।

खेलकुदअन्तर्गत ब्याडमिन्टनको पुरुष टिममा ललितपुरले धादिङलाई ३-० तथा चितवनले सिन्धुलीलाई ३-० ले पराजित गरी फाइनलमा प्रवेश गरे । सोही स्पर्धाको महिलामा सिन्धुपाल्चोकले नुवाकोटलाई ३-२ तथा धादिङले ललितपुरलाई ३-१ ले हराउदै फाइनलमा स्थान सुरक्षित गरे । खेलकुदअन्तर्गत पुरुष भलिबलमा रसुवाले रामेछापलाई १६-२५, २५-२० र २७-२५, चितवनले सिन्धुलीलाई २२-२५, २५-१९ र २५-१४, नुवाकोटले काभ्रेलाई २५-२२ र २५-१९ तथा सिन्धुपाल्चोकलले भक्तपुरलाई २५-१० र २५-१६ को सेटमा पराजित गरे ।

# राष्ट्रव्यापी खुला ब्याडमिन्टन चैत ९ देखि

**काठमाडौं/मस-** भक्तपुर जिल्ला ब्याडमिन्टन संघको आयोजनामा प्रथम राष्ट्रव्यापी भक्तपुर खुला ब्याडमिन्टन प्रतियोगिता चैत ९ गतेदेखि हुने भएको छ ।

प्रतियोगितामा सातै प्रदेशका जिल्ला र तीन विभागीय टोली (आर्मी/प्रहरी/एपीएफ) बाट करिब २ सय खेलाडीको सहभागिता रहने आयोजक संघका अध्यक्ष राजेन्द्रप्रसाद प्रजापतिले सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए ।

भक्तपुरको लिवालिस्थित कभर्डहलमा हुने प्रतियोगितामा ६ स्पर्धा समावेश छन् । सबैमा नगद पुरस्कार राखिएको छ । यु-१५ पुरुष/महिला सिंगल्समा शीर्ष स्थान हात पार्नेले क्रमशः १५ हजार, १० हजार र ७ हजार ५ सय नगद पुरस्कार प्राप्त गर्ने छन् । पुरुष/महिला सिंगल्सका विजेताले ३५ हजार, उपविजेताले २० हजार र तेश्रोले १२ हजार ५ सयका दरले नगद पुरस्कार हात पार्ने छन् । भेट्रान ४५ वर्षमाथि डबल्स र पुरुष डबल्समा पहिलो हुनेलाई ३० हजार, दोश्रोलाई १५ हजार र तेश्रोलाई ७ हजार ५ सय नगदबाट पुरस्कृत गरिने छ ।

प्रतियोगिताको उद्देश्यमाथि प्रकाश पार्दै अध्यक्ष प्रजापतिले भने- 'राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्न, आपसी सम्बन्ध र भाइचारा विकास गर्न, खेलाडीलाई शारीरिक एवं मानसिक रुपमा स्वस्थ राख्न, खेलाडीलाई कुलत र दूर्व्यसनबाट टाढा राख्न, कोरोना भाइरसका कारण प्रभावित आन्तरिक पर्यटनलाई उकास्न र खेलप्रति नयाँ पुस्ताको आकर्षण बढाउन प्रतियोगिता आयोजनाको मुख्य उद्देश्य हो ।'

आयोजकका अनुसार चारदिने प्रतियोगिता सञ्चालन गर्न करिब १६ लाख ८६ हजार ५ सय रुपैयाँ खर्च हुने छ ।

आयोजक संघका प्रथम उपाध्यक्ष नवीन प्रजापतिलाई प्रतियोगिता संयोजकको जिम्मेवारी दिइएको छ । त्यस्तै प्रतियोगितालाई सफलतापूर्वक सम्पन्न गर्न विभिन्न उसमितिहरु पनि गठन गरिएको छ । जसअन्तर्गत अतिथि सत्कारमा सुरेन्द्र प्रजापति, पुरस्कारमा सविन ढुंगेल, प्राविधिकमा चन्दन कोजू, खेलस्थलमा गणेशराम मुस्याख्व र स्वयंसेवकमा राधेश्याम मचामसी संयोजक तोकिएका छन् ।

नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजीबहादुर श्रेष्ठले प्रतियोगितामा संघको प्राविधिक सहयोग रहने जानकारी दिदै खेल सामाग्री उपलब्ध गराउने विषयमा पनि कुराकानी भइरहेको बताए । उनले खेलाडीको वरीयता निर्धारणमा पनि प्रतियोगिताले मान्यता पाउने बताउदै स्थापनाकालदेखि भक्तपुर जिल्ला ब्याडमिन्टनले खेलको विकासमा चलायमान रहँदै योगदान पुऱ्याइरहेको धारणा व्यक्त गरे ।

# सिर्जनालाई रजत



**काठमाडौं/मस-** नेपाली पारा तेक्वान्दो खेलाडी सिर्जना घिसिङले डब्लुटी प्रेसिडेन्ट कप एसिया रिजनमा सोमबार रजत पदक जितेकी छन् । इरानको तेहरानमा भएको प्रतियोगिताअन्तर्गत के-४४ क्याटगोरीको महिला ५२ केजीमुनि सिर्जनाले नेपाललाई रजत पदक दिलाएको उनका प्रशिक्षक कविराज नेगी लामाले जनाएका छन् । प्रशिक्षक लामाका अनुसार नेपाल 'फेयर प्ले अवार्ड' पनि जित्न सफल भयो ।

नेपालबाट एक्लो सहभागी खेलाडी सिर्जनाले क्वाटरफाइनलमा आयोजक राष्ट्र इरानकी सहर घन्बरी कोमिसानीलाई ५-३ ले पारजित गर्दै सेमिफाइनल यात्रा तय गरेकी थिइन् । सेमिफाइनलमा सिर्जनाले टर्कीकी मर्येम बेतुल कब्दरलाई ११-१० ले हराउदै आयोजक राष्ट्रकै फतेमेह दोदान्घेसंग फाइनल भेट पक्का गरेकी थिइन् । फाइनलमा सिर्जना ३३-११ ले चुकिन् ।

## दमक नगरपालिकाका
## नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
१ नं. प्रदेश, नेपाल

DAMAK MUNICIPALITY

### बोलपत्र स्वीकृत हुने आशयको सूचना

**प्रकाशित मिति २०७८/१२/०१**

दमक नगरपालिकाबाट प्रकाशित बोलपत्र सूचना बमोजिम पर्न आएका शिलबन्दी बोलपत्रहरुका सम्बन्धमा दमक नगरपालिकाको निर्णयानुसार देहायको बोलपत्र न्यून मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम भ्याट सहित रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | DMO/JHAPA/ BUILDING/ 56/078–79 | Upgrading of Bijuli Marga, Damak 9 | Bantawa Nirman Sewa damak ,Jhapa | 1810655.94 | |
| २ | DMO/JHAPA/ ROAD/ 58/078–79 | Parmananda Marga, Damak 5 | N and C Nirman Sewa and suppliers Damak 5 | 3870772.79 | |

## मलेसियामा रोजगार
कम्पनी : PROFESSIONAL LATEX SDN BHD
शहरः PERAK

पूर्व स्वीकृत मितिः २०७६/०९/१४ चलानी नं.: ६०१४९२९१ LT. No.: 230299 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 50 | 0 | स. काममा दक्ष | 1100 | ३२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ८ गते (22 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुढानगरमा सम्पर्क गर्नु होला ।

## सिजनल मेनपावर कम्पनी प्रा. लि.
श्रम इजाजत नं ९८५/०६७/०६८
धापासी चौकी अगाडी, बसुन्धरा, काठमाडौं, फोनः नं.: ४३८०५३८, ४३५१२१०, मो.: ९८५१०८२८३१

## दुधौली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०७८ /१२/०१**

यस दुधौली नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व. २०७८/०७९ अन्तर्गत Titakunibaat Khatrichowk hudai Nagarkendra Jane Sadak Nirman का लागि प्रकाशित सूचना ठेक्का न. DMUN-16-078/79 को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना http://www.dudhaulimun.gov.np बाट डाउनलोड गर्न/हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## ठोरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
घ्याँङ्गडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल

### क्याटालग सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धि शिलबन्दी सूचीकृत हुन प्रस्ताव आव्हानको सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०७८।१२।०१)**

यस ठोरी गाउँपालिकाको स्विकृत बजेट तथा कार्यक्रम बमोजिम स्विकृत स्पेसीफिकेशन अनुसार देहाय बमोजिमका सवारी साधन (क्याटलग सपिङ्ग विधिबाट) खरिद गर्नु पर्ने भएकोले ईच्छुक उत्पादक वा अधिकृत बिक्रेताले मात्र मिति २०७८।१२।०७ गते दिनको २ बजे सम्म सवारी साधनको उत्पादकको आधिकारीक स्पेशिफिकेशन, गुणस्तर र कम्पनिको आधिकारिक मुल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर), आधिकारिक बिक्रेताको प्रामाणपत्र र आ.व. २०७७०७८ को कर चुक्ता प्रमाणपत्र संलग्न राखी शिलबन्दी प्रस्ताव सहित सूचीकृत हुन यो सुचना प्रकाशित गरिएको छ । सवारी साधनको स्पेशिफिकेशन यस पालिकाको **Web site www.thorimun.gov.np** को सूचना उपलब्ध रहेको छ ।

**प्रस्ताव पेश गर्ने स्थान : ठोरी गाउँपालिकाको कार्यालय,घ्याँङ्गडाँडा -४, पर्सा**
**प्रस्ताव खोल्ने समय : २०७८।१२।०७ गते दिनको २ बजे**

जानकारीको लागि मो.न. ९८५५०३८०३७ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

**सवारी साधनको संक्षिप्त विवरण**

| क्र.स. | सवारी साधनको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | Mortuary van | Mortuary van, 4WD, Right hand drive model suitabl for driving in Nepal at an altitude up to 2500 meter and in ambient temperature -5 to 50 degree centigrade. Gross vehicle weght og the vehicle shall not be less than 2500 kgs and shall have seating capacity for atleast first row 1+1, 1 stretcher and attendant seat | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु **Technical Spesification** बमोजिम हुनेछ । |



पदमार्ग बनाउँदै
म्याग्दीको धवलागिरि गाउँपालिका लमसुङ्देखि गुर्जा जाने पदमार्ग निर्माण गर्दै मजदुर । तस्बिर : सन्तोष गौतम/रासस

# बैंकबाट ऋण प्रवाह हुन छाडेपछि अटो बजार संकटमा

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ३० फागुन ।

बैंकहरुबाट अटो लोन प्रवाह हुन छाडेपछि अटो बजार शुन्यतातर्फ पुग्न लागेको छ । मुलुकमा विदेशी मुद्राको सञ्चिती र बैंकहरुमा तरलता अभाव चुलिदै गएपछि नेपाल राष्ट्र बैंकले सवारी साधनको खरिदमा ५० प्रतिशत मार्जिनको व्यवस्था गऱ्यो । राष्ट्र बैंकले मार्जिनको व्यवस्था लागु गरेपछि समस्यामा पर्न थालेको अटोबजारमा अहिले बैंकहरुले नै कर्जा प्रवाह गर्न छाडेपछि लगभग शुन्यतातर्फ पुग्न लागेको व्यवसायीहरुको प्रतिक्रिया रहेको छ ।




'तरलता अभावको कारणले अटोलोन नियन्त्रण गरिएको थियो, अहिले बैंकहरुले लगानी गर्न नै छाडेका छन्', नाडा अटोमोबाइल्स एशोसियशन अफ नेपालका अध्यक्ष ध्रुब थापाले मध्यान्हलाई बताए । पछिल्लो समय अत्यन्तै सुस्त गतिमा बैंकिङ तरलताको क्षेत्रमा सकरात्मक संकेत देखिन थालेको छ । तर अर्थतन्त्रका महत्वपुर्ण सुचकहरुमा भने सुधार आउन सकेको छैन् । जसका कारणले केन्द्रीय बैंकले सवारी साधनको आयातलाई खुकुलो बनाउने नीति अख्तियार गरेको देखिँदैन् ।

नाडा अटोमोवाइल्स एसोसिएसन अफ नेपालका अनुसार बैंक तथा वित्तीय संस्थाले फाइनान्सिङ सुविधा बन्द गरेपछि अहिले व्यवसाय कमजोर मात्रै नभएर गाडीको बिक्रि नै नहुने अवस्था बनेको छ । नाडाका अध्यक्ष थापाले तरलता अभावको अवस्थामा बैंकहरुले अटोमा लगानी नगरेको भएतापनि यसको सुधार भइसकेपछि पनि लगानी नगर्ने हो की भन्ने डर भएको बताएका छन् । राष्ट्र बैंकले सवारी साधनलाई अनुत्पादक क्षेत्रको हिसाबले हेरेकाले आगामी दिनमा पनि सो क्षेत्रमा लगानी नगर्ने हो कि भन्ने चिन्ता व्यवसायीहरुमा भएको बताए ।

**नगद मार्जिनको असर**

नेपाल राष्ट्र बैंकले आयात कम गर्दै विदेशी मुद्रा संचितका लागि विभिन्न प्रकृतिका बस्तु आयातमा १०० प्रतिशतसम्म नगद मार्जिनको व्यवस्था गरेको छ । गाडीको आयातमा ५० प्रतिशत नगद मार्जिन राख्नुपर्ने व्यवस्था लागु गरेको छ । विगतमा एलसी खोल्दा मार्जिन राख्ने वा नराख्ने निणर्य बैंकहरु आफैंले गर्ने गर्दथे । तर अहिले राष्ट्र बैंकले एलसी खोल्दा अनिवार्य मार्जिनको व्यवस्था लागु गरेको छ । केन्द्रीय बैंकले लागु गरेको पछिल्लो व्यवस्थाले व्यवसायीहरुले मोटरसाइकल तथा स्कुटरसहित पेट्रोलियम पदार्थबाट चल्ने निजी सवारी साधनको आयातमा ५० प्रतिशत नगद मार्जिन राख्नुपर्ने हुन्छ । केन्द्रीय बैंकले लागु गरेको सो व्यवस्थाले सवारी साधनको आयातमा सिधा प्रभाव परेको व्यवसायीहरुको गुनासो रहेको छ ।

**लोन प्रवाह नभएपछि चाहेकाले पनि किन्न पाएनन्**

नेपालमा अधिकांश निजी सवारी साधन खरिद गर्नेहरु मध्ये अधिकांशले फाइनान्सको सुविधा प्रयोग गर्ने गर्दछन् । नाडाका अध्यक्ष ध्रुब थापाका अनुसार बैंकहरुले ऋण नै लगानी नगरेपछि सवारी साधन खरिद गर्छु भन्ने ग्राहकरुले खरिद गर्न पाएका छैनन् । अटो कर्जाको प्रवाह घटेको छ । मंसिर मसान्तसम्म १ खर्ब ६८ अर्ब ९० करोड १० लाख हायर पर्चेज कर्जा प्रवाह गरेका क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुले पुस महिनामा १ खर्ब ६८ अर्ब ५५ करोड ७० लाख रुपैयाँमा मात्रै लगानी गरेका छन् । व्यवसाय संकटमा पुगेपनि राज्यको अवस्था र अपनाएको नीतिलाई हेरेर आफुहरुले धैर्यता गरेको अध्यक्ष थापाको भनाई रहेको छ ।

# फ्यान्टाको 'कलरफुल हामी' क्याम्पेन




**काठमाडौं/मस** - फ्यान्टाले यो वर्ष 'कलरफुल हामी' अभियान आयोजना गर्दैछ । यो पहिलाको भन्दा धेरै रमाइलो र रंगीन हुनेछ । यो अभियानले मुख्य गरी मानिसहरुको रंगीनतालाई उजागर गर्न खोजेको छ । जुनसुकै उमेर, लिंग, पेसा भए पनि हरेक मानिसहरु आफ्नो भित्री रंगलाई विभिन्न माध्यमबाट उजागर गरीरहेका हुन्छन् । मानिसहरुको यस्तै आफ्नै रंग र चुलबुलेपनलाई यो क्याम्पेनले सेलेब्रेट गर्न खोजेको छ ।

यो क्याम्पेनमा २ वटा नयाँ टेलिभिजन विज्ञापनहरु छन्, जसले मस्तीका रंगहरुसँग जीवनको आनन्दलाई अंगाल्दै मुस्कान फैलाउन चाहने र आफ्नो रंगीन पक्ष देखाउन चाहने स्ट्रिट पर्फर्मर, टिकटकरहरु र बाइक स्टन्टर्सहरुमार्फत चुलबुलेपनलाई देखाउन खोजिएको छ । यी विज्ञापनहरुले रंगको शक्ति र तिनीहरुले हामीलाई प्रदान गर्ने चन्चलतालाई देखाएका छन् । यो क्याम्पेनको अर्को विज्ञापनले चाहिँ होलीमा रमाइरहेको चुलबुले युवाको मस्ती र रंगीनपन देखाएको छ ।

होली उत्सवको एउटा हिस्साको रुपमा फ्यान्टाले केटिएम लाइभसँग सहकार्य गर्दै 'नेपाल टुर कलर मानिया' गर्दैछ, जुन काठमाण्डौ, पोखरा, इटहरी, धरान, हेटौँडा, बुटवल र नारायणघाटलगायत नेपालका प्रमुख सहरमा १३ वटा कार्यक्रम गरी मनाइँदैछ । यी कार्यक्रममा रमाइला र सहभागितामूलक गतिविधि राख्दै फ्यान्टाले आफ्ना उपभोक्तासँग अझै गहिरो सम्बन्ध निर्माण गर्ने लक्ष्य राखेको छ । यसका साथै फ्यान्टाले 'कलरफुल हामी' थिमको इन्स्टाग्राम फिल्टर पनि ल्याउँदैछ । यी विज्ञापनहरु भिडियधो, सिनेमा, इन्फ्लुएन्सरहरु र सामाजिक सञ्जाल हितको फ्यान्टाको मार्केटिङ क्याम्पेनको एउटा हिस्सा हुन् ।

# सगरमाथा इन्स्योरेन्स कम्पनीद्वारा एम्बुलेन्स हस्तान्तरण

**काठमाडौं/मस** - उदयपुर सिमेन्ट उद्योग र देउरी स्वास्थ्य चौकीको संयुक्त व्यवस्थापनमा संचालन गर्ने गरी सगरमाथा इन्स्योरेन्स कम्पनीले उक्त स्वास्थ्य चौकीको पूनर्निर्माण तथा एक थान एम्बूलेन्स खरिदका लागि १५ लाख बराबरको रकम उपलब्ध गराएको थियो । त्रियुगा न.पा. वडा नं. ५ स्थित स्वास्थ्य चौकीमा शनिबार आयोजित एक कार्यक्रमकाबीच कम्पनीका प्रमुख कार्यकारी अधिकृत चंकी क्षेत्रीले देउरी स्वास्थ्य चौकीलाई उपलब्ध गराएको उक्त एम्बुलेन्सको साँचो त्रियुगा न.पा.का प्रमुख बलदेव चौधरीलाई हस्तान्तरण गरे ।




उक्त अवसरमा प्रमुख कार्यकारी अधिकृत चंकी क्षेत्रीले कम्पनीले आफ्नो सामाजिक उत्तरदायित्वलाई मनन गरेर आपतकालिन अवस्थामा यस क्षेत्रका बासिन्दाहरुको स्वास्थ्य सेवालाई ध्यानमा राखी एम्बुलेन्स सेवालाई सहज बनाउने उद्देश्यले उदयपुर सिमेन्ट उद्योगको अनुरोधलाई स्वीकार गरी एम्बुलेन्स उपलब्ध गराईएको जानकारी गराउँदै स्वास्थ्य चौकीमा एम्बुलेन्सको उपलब्धता पश्चात यस वरपर क्षेत्रका बासिन्दालाई सस्थ्य सेवा लिन सहज हुने धारणा ब्यक्त गरे । बीमा समृद्धिको आधार रहेको र नेपालमा बीमा शूल्क सोचे जस्तो महंगो नभएको र बीमाको पहुँच सर्वसुलभ बनाउन सरकारले कृषि तथा पशूपंक्षी बीमाका लागि ८० प्रतिशत अनुदान दिएको जानकारी गराउँदै बीमाको प्रचार प्रसारमा जोड दिन आवश्यक रहेको बताए ।

सोही कार्यक्रममा एम्बुलेन्स र प्रयोगशालालाई आवश्यक पर्ने प्राविधिक जनशक्तीको ब्यवस्थापनका लागि उदयपुर सिमेन्ट उद्योग लि.का तर्फबाट महाप्रवन्धक गोपिकृष्ण न्यौपानेले देउरी स्वास्थ्य चौकीलाई सात लाखको चेकसमेत हस्तान्तरण गरिएको थियो ।

# गोल्छा ग्रुपद्वारा थापाथली क्याम्पसमा आर्थिक सहयोग प्रदान

**काठमाडौं/मस** - गोल्छा ग्रुपले थापाथली क्याम्पसका विद्यार्थीहरुलाई विद्युतीय गाडी बनाउन आर्थिक सहयोग गरेको छ । विद्यार्थीहरुले आवश्यक सीप अनुसार टोली निर्माण गर्ने, प्रायोजकहरू खोज्ने, कार्य स्थललाई अन्तिम रूप दिने आदि जस्ता प्रारम्भिक गतिविधिहरूबाट काम शुरु गरेको थियो र फेब्रुअरी २०२२ सम्म टोलीले सवारी साधनको डिजाइन र डेभलपमेन्ट सफलतापूर्वक सम्पन्न गरेको छ ।



अनेकन टेस्ट राइडहरु पछि विद्युतीय गाडी 'मैचा' अहिले पूर्ण रुपमा प्रतिस्पर्धा गर्न तयार रहेको छ । सबै नियमहरु पलना गर्दै उपलब्ध निर्देशन र स्पेसिफिकेशनहरु अनुसार गाडी बनाइएको हो । 'मैचा' को ब्याट्रीले १ केडब्लुएज चार्जबाट १५० किलोमिटर सम्मको रेन्ज दिन्छ । मैचाको निर्माणकर्ता टिम सिरेटोले नेपालमा विद्युतीय सवारीमा विभिन्न अनुसन्धान र कार्यहरू सञ्चालन गरेर दिगो भविष्यमा योगदान पुऱ्याउने लक्ष्य राखेको छ । उनीहरुको प्रमुख उद्देश्य नेपालको सस्टेनेबल मोबिलिटी क्षेत्रलाई प्रवर्द्धन गर्नु हो । साथै, उनीहरू शेल इको-म्याराथनमा प्रतिस्पर्धा गर्ने नेपालको पहिलो (विद्युतीय सवारी) टोली हुन् ।

# यशोदा फुड्सले ल्यायो करेन्ट चिज एन्ड बटर र करेन्ट मशरुम नुडल्स




**काठमाडौं/मस** - यशोदा फुड्सले नेपाली बजारमा नयाँ स्वादका चाउचाउ र चिज बल्स सार्वजनिक गरेको छ । कम्पनीले सोमवार काठमाडौंमा एक कार्यक्रम आयोजना गर्दै करेन्ट चिज एण्ड बटर र करेन्ट मशरुम नुडल्स सार्वजनिक गरेको हो । उद्योगले सुपर प्रिमीयम चाउचाउ अन्तर्गत करेन्ट चिज एण्ड बटर, करेन्ट मसरुम नुडल्स, करेन्ट इन्स्ट्यान्ट नुडल्स (फेमिली प्याक) र करेन्ट चिज चिकेन पिज्जा नाम र स्वादको चाउचाउ सार्वजनिक गरेको हो । सुपर प्रिमीयम चाउचाउ अन्तर्गत नेपालमै पहिलो पटक करेन्ट चिज एण्ड बटर, करेन्ट मशरुम नुडल्स फेमिली प्याकमा उपलब्ध छ भने यसको प्रति पिसको मुल्य १२० रुपैयाँ र तौल १२० ग्राम रहेको समेत उद्योगले जनाएको छ । साथै फेमीली प्याकमा २० रुपैयाँ पर्ने करेन्ट इन्स्ट्यान्ट नुडल्स र पिज्जाको स्वादमा करेन्ट चिज चिकेन पिज्जा समेत उद्योगले सार्वजनिक गरेको छ । उद्योगले चिजको स्वादमा ५० रुपैयाँ पर्ने चिज बल्स समेत सार्वजनिक गरेको छ । कम्पनीले कार्यक्रममा विदेशबाट हुने चाउचाउ आयातलाई विस्थापित गरी स्वदेशी उत्पादनलाई बढावा दिँदै करेन्ट अहिले नेपालकै नं १ ब्राण्ड बनिसकेको दाबी गरेको छ ।

उपभोक्ताको पहिलो रोजाईमा यशोदा फुड्सका उत्पादन रहेको र सोही अनुसार नविनतम स्वादका ब्रान्डहरु पस्कीने अवशर प्रदान गरेको उद्योगले जनाएको थियो । नेपालमा मात्र नभइ भारत, युरोप, कोरिया, जापान, अमेरिका, क्यानाडा, वेलायत, अष्ट्रेलिया लगायत देशमा समेत आफ्ना उत्पादन निर्यात गरी देशको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याइरहेको उद्योगको भनाइ छ ।

# भिभोले उपभोक्ता मैत्री प्राविधिक प्रवृत्ति विकास गर्दै

vivo

**काठमाडौं/मस** - भिभोका लागि २०२१ आवश्यक परिवर्तन ल्याउने वर्ष सावित भएको छ । आफूलाई गुणस्तरीय उत्पादनको सिर्जना कर्ताबाट प्रविधि र डिजाइन दर्शनद्वारा सशक्त परिवर्तनवादी उत्पादनका निर्माताम‍ा रूपान्तरण गरेको भिभोका वरिष्ठ उपाध्यक्ष शि युजियानले बताएका छन् । युजियानले २०२१ को भिभो विकास कर्ता सम्मेलनमा आविष्कारतर्फ अग्रसर गर्ने कम्पनीको प्रयोगकर्ता-उन्मुख रणनीतिको महत्वको बारेमा बताएका थिए । उनले प्रयोगकर्ताले भिभोप्रतिको आफ्नो दृष्टिकोणलाई 'भिभो उत्पादनहरू छनोट गर्ने' बाट 'भिभो उत्पादनलाई माया गर्ने' मा रूपान्तरण गर्ने बताए । भिभोले कम्प्युटिङ कार्यसम्पादनलाई अझ राम्रो बनाउन र पावर खपतको दक्षता बढाउन, उच्च रियल-टाइम कम्प्युटिङ इन्जिन, इन्टेलिजेन्ट सेड्युलिङ कम्प्युटिङ इन्जिन र उच्च गतिको डाटा-चेजिङ-लोडिङ कम्प्युटिङ इन्जिनसहित कम्प्युटिङ इन्जिन डिजाइन गरेको छ । त्यस्तै, भिभोले मेमोरी व्यवस्थापन दक्षता र कार्यसम्पादन बढाउन नवप्रवर्तनमा लगानी गरेको छ ।

सिस्टम रेसिडेन्ट मेमोरी लाइफ साइकल, एप्लिकेसन मेमोरी नियतन र डिर्याम र एसओसी आन्तरिक केसको व्यापक व्यवस्थापन सुनिश्चित गर्न कम्पनीले एक स्वतन्त्र भर्चुअल केस इकाइलाई अनुकूलित गरेको थियो । भिभोको आइओटी इकोसिस्टम पनि यसको प्राविधिक उन्नतिले सशक्त बनाइएको छ जसले उपकरणको जडान, डाटा प्रवाहको दक्षता र द्रुत एपलाई अपग्रेड र अप्टिमाइज गर्छ, जसले प्रयोगकर्तालाई थप आनन्ददायक स्मार्ट होम अनुभव प्रदान गर्छ । भिभोले आफ्नो आईओटी इकोसिस्टमअन्तर्गत चीनमा लगभग ६० वटा स्मार्ट ब्रान्डसँग सहकार्य गरेको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**